वर्ष : १७, अंक : ४८, काठमाडौं, २०७८ चैत ४ गते शुक्रबार, 18 March 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## प्रहरी भर्नाविरुद्ध मधेश सरकारको रिटमा अन्तरिम आदेश दिन अस्वीकार

जनकपुर । मधेश प्रदेश सरकारले संघ सरकारविरुद्ध दायर गरेको मुद्दामाथि सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । नेपाल प्रहरीका विभिन्न तहमा भर्नाका लागि प्रकाशित विज्ञापन रद्द गर्न माग गर्दै सर्वोच्च अदालतमा अन्तरिम आदेशको मागसहित मधेस सरकार अन्तर्गत आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरतप्रसाद साहले मुद्दा दायर गरेका थिए ।

सर्वोच्च अदालतका कार्यवाहक प्रधानन्यायाधीश दीपककुमार कार्की र न्यायाधीश डा. मनोजकुमार शर्माको संयुक्त इजलासले निवेदनको अन्तिम सुनवाई हुँदाको समयमा सम्बोधन गर्न उपयुक्त हुने देखिँदा हाललाई अन्तरिम आदेश जारी गर्नु नपर्ने भन्दै नियमानुसार गर्न आदेश दिएको छ ।

मन्त्री साहले संघीय सरकारले प्रदेश प्रहरी गठन प्रक्रिया अघि बढाउन आनाकानी गरिरहेको आरोप लगाउँदै सर्वोच्च अदालतमा नेपाल सरकारका प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय काठमाडौं, गृह मन्त्रालय, नेपाल प्रहरीलगायतका विरुद्धमा प्रहरी भर्नामा रोक लगाउन भन्दै मुद्दा दिएका थिए ।

प्रहरी प्रधान कार्यालयबाट एक हजार ९७९ जना प्रहरी कर्मचारी माग गरी प्रकाशित विज्ञापन नेपालको संविधान र नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन २०७६ तथा प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ विपरित भएको भन्दै प्रदेश सरकारले सर्वोच्चमा दायर गरेको रिटमा संविधानद्वारा व्यवस्थित प्रदेशको अधिकारक्षेत्रमाथि अनधिकृत हस्तक्षेप गर्ने अभिप्रायले तत्काललाई उक्त १९७१ जना प्रहरी कर्मचारी माग गरी प्रकाशित भएको विज्ञापन प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्यन नगर्नु नगराउनु भनी अन्तरिम आदेशको माग गरिएको थियो ।

यस अघि अदालतले अन्तरकालीन आदेश जारी गर्दै सुनुवाई नहुँदासम्मका लागि प्रहरी भर्नामा रोक लगाएको थियो ।

# हेडक्वार्टर गठनपछि जसपा विवादको 'च्याप्टर क्लोज'

## फुटको संघारमा पुगिसकेको जसपाको विवाद तत्काल मत्थर

**मधेशवाणी डेस्क**

काठमाडौं । जनता समाजवादी पार्टी ( जसपा) नेपालमा देखिएको आन्तरिक विवादको 'च्याप्टर क्लोज' भएको छ ।

जसपा अध्यक्ष उपेन्द्र यादवले पार्टीभित्र एकलौटी गर्न थालेको आरोप लागउँदै जसपा संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईको नेतृत्वमा बेग्लै समूह खडा भएको थियो ।

संघीय परिषद् अध्यक्ष डा. भट्टराईको नेतृत्वमा रहेको समूह बहुल अध्यक्ष प्रणालीको माग गर्दै विरोधमा उत्रिएको थियो । माग सम्बोधन नभए पार्टी फोड्नेसम्मको तयारीमा डा. भट्टराई समूहको तयारी थियो ।

आन्तरिक विवादमा अध्यक्ष यादव अल्पमतमा पर्न थालेपछि अन्तिम समयमा विपक्षी समूहले राखेको शर्त पूरा गर्न तयार भए, जुन कारणले राजधानीमा २ दिने केन्द्रीय समितिको बैठक सम्भव भयो ।

बैठकमा आपसी सहमति जुटेपछि फुटको सङ्घारमा पुगिसकेको जसपाको विवाद मत्थर भएको छ ।

काठमाडौंमा २९ र ३० फागुनमा भएको जसपा केन्द्रीय समितिको बैठकलाई ऐतिहासिक बैठकको रूपमा लिइएको छ । कारण, यही बैठकबाट पार्टी फुटबाट जोगिएको हो । त्यही कारणले जसपाका नेताहरूले यस बैठकलाई महत्वपूर्ण बैठक ठानेका छन् ।

जसपाको विधानमै दुई अध्यक्षको व्यवस्था गरिएको छ । त्यसैले विधान अनुसार चल्न उनीहरुको माग थियो । तर यादव पक्षीय नेताहरु दुई अध्यक्ष राख्ने प्रणाली जसपामा मात्र नभइ सबै पार्टीमा असफल भएको तर्क राख्दै दुई जना अध्यक्ष राख्नै नहुने अडान राखेका थिए ।

यी दुई तर्कबीचको विवाद भित्रभित्रै निकै चर्किएको थियो । तर अध्यक्ष यादवले केन्द्रीय समितिको बैठकमा बीचको बाटो निकालेर पार्टीभित्रको विवादलाई तत्कालको लागि समाधान गरेका छन् ।



जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समिति बैठकपश्चात् एकताको सन्देश दिँदै शीर्ष नेताहरू ।

भट्टराई पक्षीय नेताहरुले राईलाई संघीय परिषद्को अध्यक्ष बनाउन तथा तत्काल केन्द्रीय समितिको बैठक बोलाउन उपेन्द्रसँग माग राखेका थिए ।

भट्टराई पक्षीय नेताहरुले राखेको अर्को माग पनि अध्यक्ष यादवले पूरा गरेका छन् । भट्टराई पक्षीय नेताहरुले राखेको माग अनुसार नै अध्यक्ष यादवले संघीय परिषद् तथा केन्द्रीय समितिको बैठक पनि बोलाएका छन् ।

बैठकमा संघीय परिषद्का अध्यक्ष डा. भट्टराईले बहुल अध्यक्ष प्रणालीमा जाने माग गरेका थिए । जसपा केन्द्रीय सदस्य फिरोज मन्सुरका अनुसार तर त्यसमा अधिकांश केन्द्रीय समिति सदस्यहरूले विरोध जनाए । उनले भने, 'बाबुरामजीको यो प्रस्तावमा नजान सबै जनाको सुझाव आयो, बहुल अध्यक्ष प्रणाली लागू भएको पार्टी सफल नभएकाले त्यसतर्फ नजान सहभागीहरूबाट नै सुझाव आयो । अनि, स्वत: बाबुरामजी अल्पमतमा पर्नुभयो ।' त्यसपछि उक्त प्रस्ताव खारेज गरिएको केन्द्रीय सदस्य मन्सुर बताउँछन् ।

उनका अनुसार तर पार्टीलाई मजबुत बनाउनका लागि भट्टराईको चित्त बुझाउनका लागि वैकल्पिक बाटो अपनाइयो । 'त्यो भनेको अब कुनै पनि निर्णय एकल अध्यक्षबाट नभएर ३ जनाले गर्ने सहमति भयो, जसको नाम दिइयो- हेडक्वार्टर', उनले भने, 'यही हेडक्वार्टरले अब सबै निर्णय गर्नेछ, जसमा बाबुरामजीले पनि सहमति जनाउनुभयो ।'

जसपामा गठन भएको हेडक्वार्टरमा उपेन्द्र यादव, बाबुराम भट्टराई र अशोक राई छन् । अब केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरू नहुँदा पनि यही हेडक्वार्टरबाट सबै निर्णय हुनेछ ।

मूलत: यही सहमतिले पार्टीभित्रको विवाद अन्त्य भएको केन्द्रीय सदस्य मन्सुरको भनाइ छ । यसैगरी पार्टीभित्र निष्ठावान् र कर्मठ व्यक्तिलाई मात्र अब टिकट दिने सहमति भएको उनी बताउँछन् ।

**फेरि यादवकै जीत**

मधेस केन्द्रित दलहरूमा सक्रिय नेताहरूमा उपेन्द्र यादव राजनीतिक खेलाडी मानिन्छन् । जसपाका नेताहरू भन्छन्, 'उनी जता गए, उतै लहर भन्ने दन्त्यकथा सुनिन्छ । जुन दन्त्यकथालाई उनै अध्यक्षबाटै पुष्टि हुने अवस्था छ ।'

पहिलोचोटि आफैँले जन्माएको पार्टीमा अध्यक्ष यादव अल्पमतमा पर्दै गएका थिए । उनी नजिकका नेताहरू उनको विपक्षी मोर्चामा खडा भएपछि पछिल्लो समय पूरै पार्टीमा अल्पमतमै परेका थिए यादव ।

उनी नजिकका एक सांसद भन्छन्, 'त्यसपछि उनी पहिला आफू बलियो बन्ने रणनीति लिए । त्यही क्रममा विपक्षी मोर्चामा रहेका आफ्ना सांसदहरूलाई फकाउने काम गरे । त्यस क्रममा कतिपयको कारबाही फिर्ता भयो भने कतिले उठाएका अन्य माग सम्बोधन भए ।'

त्यही दौरान केन्द्रीय समितिको बैठक राखेर सबै विवाद सुल्झाउने प्रयास भयो । ती सांसद भन्छन्, 'मूलत: त्यही रणनीतिले जसपा विवाद सुल्झेको छ, यो रणनीतिले पुन: पार्टी अध्यक्षले नै बाजी मारेको पार्टीभित्र चर्चा पनि छ । उनको रणनीतिबमोजिम नै अहिले सबै कुरा भयो ।'

**खडा भयो पुन: अर्को गुट**

पार्टीभित्र पुराना जसपा नेताहरूबीच विवाद हुँदा डा. भट्टराई समूहको पक्षलाई राजपाबाट गएका नेताहरूले पनि सघाएका थिए । तर, २ दिने बैठकमा भएको सहमतिमा राजपाबाट जसपा भएका नेताहरूलाई भागबण्डामा नराखेपछि उनीहरू पनि असन्तुष्ट बनेका छन् ।

बाँकी अन्तिम पृष्ठमा

## पार्टीले दुर्व्यवहार गरेकाले एमालेमा गएँ : मेयर सरावगी



वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर विजय कुमार सरावगीले जनता समाजवादी पार्टी ( जसपा)मा आफुमाथि दुर्व्यवहार हुने गरेकाले एमालेमा प्रवेश गरेको बताएका छन् ।

मेयर सरावगीले आफूले जनता समाजवादी पार्टीलाई महानगरमा जिताएको भएपनि पार्टीभित्र दुर्व्यवहार हुने गरेकाले सो पार्टी परित्याग गरी एमाले प्रवेश गरेको बताएका हुन् ।

विगतमा आफूले जसपा छोड्न दुई पटक राजीनामा दिएको भएपनि अध्यक्ष उपेन्द्र यादवले रोकेको पनि उनको भनाई छ । आफूलाई सामाजिक रुपमा मानमर्दन गर्ने काम नरोकिएकोले आफुले नयाँ पार्टी रोज्नु परेको उनले स्पष्ट पारेका छन् ।

मेयर सरावगीले एमाले अध्यक्ष केपी शर्मा ओलीको राष्ट्रिय भावना र उनको विकासप्रतिको चाहानाबाट प्रेरित भएका कारण एमाले रोजेको बताएका छन् । आफू कांग्रेस प्रवेश गर्ने विकल्प हुँदाहुँदै पनि कांग्रेसमा जनप्रतिनिधि बन्ने अवस्था नभएकाले कांग्रेस नरोजेको बताएका छन् ।

उनले एमालेमा कुनै पद पाउनका लागि शर्त गरेर नगएको समेत बताएका छन् । पार्टीले आफ्नो काम र प्रस्तुती हेरेर जुन जिम्मेवारी दिन्छ सोही जिम्मेवारी लिने उनले बताए ।

उनले आगामी निर्वाचनमा पार्टीले मेयरको टिकट दिएर मेयर बन्न तयार रहेको स्पष्ट पारेका छन्। मेयरको टिकट नदिएर अन्य जिम्मेवारी दिएपनि स्वीकार गर्ने सरावगीले बताएका छन् ।

## नेतैनेता भएको प्रदेश १ अझै नामविहीन

विराटनगर । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले यही २१ फागुनमा गृहजिल्ला झापा पुगेर भनेका थिए, 'प्रदेश १ को नाम 'कोशी प्रदेश' राख्दा हुन्छ ।

चार वर्षसम्म प्रदेशको नामाकरण गर्न नसकिरहेको अवस्थामा ओलीले प्रदेशको नाम 'कोशी' जुराईदिए । जुन यसअघि नै नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधव कुमार नेपालले प्रस्ताव गरेका थिए ।

हुनत ओलीले प्रस्ताव गरेर हुदैन । प्रदेशको नामाकरण गर्ने अधिकार प्रदेशसभालाई मात्र छ । विडम्बना प्रदेशका सांसदहरू भने नामाकरण गर्न सकिरहेका छैनन् । केही दिन अगाडि एमाले नेता रामप्रसाद रिजालले त प्रदेश १ को नाम 'केपी ओली प्रदेश' राख्नुपर्ने बताएका थिए ।

ओली नेपाली राजनीतिको हिरो भएको भन्दै उनको सम्मानका लागि पनि केपी ओली प्रदेश राख्नुपर्ने तर्क उनले अघि सारेका थिए । नामाकरण गर्नका लागि प्रदेशसभामा नेकपा एमालेको भूमिका महत्वपूर्ण छ । ओलीले प्रदेश १ को नाम 'कोशी प्रदेश' राख्नुपर्छ भन्ने पहिलो पटक बोलेका हुन् ।

प्रदेशको नामाकरण गर्ने विषयमा नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका दलले छलफल चलाइरहेका छन् ।

तीन वर्षसम्म मुख्यमन्त्री बनेका एमाले नेता शेरधन राई नामाकरणको विषयमा असफल देखिए । त्यसपछि छोटो समयका लागि आएका अर्का नेता भीम आचार्यले त झनै यसमा चाँसो नै दिएनन् । नामाकरणको विषयमा चाँसो व्यक्त गर्न नपाउँदै उनले मुख्यमन्त्री पदबाट राजीनामा दिए ।

अहिले एकीकृत समाजवादीको तर्फबाट मुख्यमन्त्री बनेका राजेन्द्र राईले पनि छलफलाईलाई व्यापक बनाउन सकेका छैनन् । अन्य ६ वटा प्रदेशले आफ्नो नामाकरण गरिसकेका छन् । तर, प्रदेश १ भने नामाकरण गर्न विभिन्न अल्झनमा परेको छ ।

प्रदेशहरूको नाम सम्बन्धित प्रदेश सभाले टुङ्गो लगाउने गरी २०७२ मा संविधान जारी भयो । जसमा प्रदेश २ मधेश, प्रदेश ३ बागमती, प्रदेश ४ गण्डकी, प्रदेश ५ लुम्बिनी, प्रदेश ६ कर्णाली र प्रदेश ७ सुदूरपश्चिम भइसकेका छन् । तर, प्रदेश १ ले भने अझै आफ्नो न्वारन गर्न सकेको छैन ।

२३ वैशाख २०७६ मा बसेको मन्त्रिपरिषद् बैठकले विराटनगरलाई प्रदेश राजधानी तोकेको थियो । तर, नामकरण भने हालसम्म अनिश्चित छ ।

एकल पहिचान, बहुपहिचान वा भूगोलका आधारमा प्रदेशको नामकरण गर्ने विषय टुङ्गो लाग्न सकेको छैन । कतिपयले भूगोल र पहिचानलाई मिलाएर नामाकरण गर्नुपर्ने तर्क अघि सारिरहेका छन् । कतिपयले भने भूगोलका आधारमा र कतिपयले पहिचानको आधारमा नामाकरण गर्नुपर्ने अडान लिइरहेका छन् । जसका कारण प्रदेश १ अहिलेसम्म नामविहिन बनेको छ ।

बाँकी अन्तिम पृष्ठमा

## मधेश प्रदेश : नेकपाको लेबीमा तीन दलको दाबी

जनकपुरधाम । मधेश प्रदेशबाट तत्कालीन नेकपाको नाममा बैंकमा जम्मा भएको लेबी रकमका विषयमा विवाद भएको छ । नेकपाको नाममा काटिएको लेबीमा तीन दलबीच विवाद भएको हो । तत्कालीन नेकपाको नाममा काटिएको लेबीमा नेकपा माओवादी केन्द्र,नेकपा एमाले र नेकपा एसले दाबी गरेपछि विवाद भएको छ ।

नेकपामा बैंकमा जम्मा भएको करिब १९ लाख रकम जम्मा भएको बताइन्छ । तर, नेकपा विघटन हुन लाग्दा तत्कालीन नेकपा प्रदेश अध्यक्ष प्रभु साहले हतार हतार पार्टीको खाताबाट एकमुष्ठ १० लाख रकम झिकेका थिए। माओवादी केन्द्रका सांसद जगत यादवले बाँकी रहेका रकम माओवादी केन्द्र र नेकपा एसले पाउनुपर्नेमा एमाले विवाद गरेको बताए। पार्टीबीच विवाद हुँदा करिब ९ लाख रकम अझै नेकपाकै नाममा बैकमा रहेको उनले बताए । यसैबीच, जनता समाजवादी पार्टी (जसपा)ले प्रदेश सभासदस्यबाट लिँदै आएको लेबी फागुनदेखि लिन छोडेको छ । फागुनको सांसदहरूको तलब खातामा जानुअघि नै जसपाले प्रदेशसभामा पत्र पठाई आफूहरूका सांसदको तलबबाट पार्टीको लागि काट्दै आएको लेबी नकाट्न प्रदेशसभा सचिवलाई जानकारी गराएको छ। मधेश प्रदेश सभामा जसपाका ३८ जना सांसद छन् । जसपाले सांसदले पाउने तलबको १५ प्रतिशत रकम लेबी लिदै आएको थियो ।

प्रदेश सांसदको तलब ६१ हजार २० रुपैयाँको १५ प्रतिशत अर्थात नौ हजार १५३ रुपैयाँ कम गरेर सांसदहरूले तलब पाउँदै आएको थियो । त्यसैगरी, संसदीय समितिका सभापतिको तलब ६५ हजार पाँच सय ३० रहेकोमा १५ प्रतिशत लेबी नौ हजार आठ सय २९, प्रमुख सचेतकको तलब ६७ हजार २५ रहेकोमा १५ प्रतिशत १० हजार ५४ रुपैयाँ लेबी काटिने गरिएको थियो । त्यसैगरी, नेपाली कांग्रेसले आफ्ना सांसदहरूबाट लेबी लिइरहेका छैन् भने एमाले, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले प्रत्येक सांसदबाट मासिक पाँच हजार लेबीको रुपमा पैसा लिँदै आएको छ ।

## कांग्रेस एकीकरणमै गए हुन्न र ?

प्रजातन्त्रहरू 'बलियो' हुदै गएपछि यस्तो पनि अवस्था आउँछ। यौटा व्यक्ति-संस्था र नीति दुबैको स्रोत बन्न जान्छ। नेपाली काँग्रेस भित्र आजको यथार्थ हो यो। केही अपवादको अल्प समय खण्ड बाहेक नेका "ट्रोईका" मै चलेको हो। बीपी, गणेशमान र किसुन जीको। फेरी गणेशमान, किसुन जी र गिरिजा बाबुको। गणेशमान र किसुन जी पछि गिरिजा बाबुको समय पनि आजको शेर बहादुर जीको समयका झै थिएन।

आजको अवस्था एकदमै भिन्न छ। आज ने.का.मा प्रम शेर बहादुर देउवा जीले भनेकै कुरो हुन्छ। कुनै पनि बिषयको समयसापेक्षता तथा सान्दर्भिकताको परिभाषा उहाँ मै निहीत भएको छ।

कम्युनिष्टहरू संगको सहकार्य नेका भित्र कहिल्यै पनि एकमतताको बिषय रहेन। सुवर्ण जी र बीपी कोईरालाको पुरै समयावधिमा यो संभव भएन। बि.स. २०४६ सालको पहिलो जन आन्दोलन ताका भएको कम्युनिष्टहरू संगको सहकार्य नेका भित्र निर्विवाद थिएन। गणेशमान सिंह र किसुन जीलाई कम्युनिष्टहरू प्रति झुकाव राख्ने भनिएपनि यो सत्य होईन। उहाँहरूका सम्मुख कम्युनिष्टहरूले बिस २०३७ सालको जनमत संग्रहमा पंचायतलाई सघाएको तितो अनुभव थियो। यसर्थ, उहाँहरूले संयुक्त मोर्चाको नाउँमा कम्युनिष्टहरूलाई रिंग भित्र राख्न चाहनु भएको हो। जबकि, गिरिजा प्रसाद कोईरालाको नजरमा बहु प्रचारित "माले-मशाले र मण्डले एकै हुन्" यो सोच रहेको थियो।

बि.स. २०४७ गएको ३१ बर्ष भयो। तेस बेलाका घटनाहरूका जानकारहरू आज देखेका कुरा लेख्न छाडेका छन्। आज जो लेखेर अभिमत निर्माण गर्ने काममा छन्-ती तेस कालखण्डका बारेमा अनभिज्ञ छन्। यसले गर्दा ०४६/४७ को आन्दोलनमा कम्युनिष्टसंग नेकाको संयुक्त मोर्चा अपरिहार्य थियो कि थिएन र के यसबाट नेकालाई लाभ भयो त? यसको सत्य जवाफ आई रहेको छैन। ०४६/४७ को आन्दोलन पूर्व र पछि २०४८ को पहिलो आम निर्वाचनसम्म निरन्तर कम्युनिष्टहरूले नेकासंग चुनावी गठबन्धन गर्न दबाव दिई रह्यो। यस कालखण्डको बस्तुपरक अध्ययन हुनु जरूरी छ। हो, यस कुरामा दुईमत हुन सक्दैन कि दोस्रो जन आन्दोलनको सफलताका लागि कम्युनिष्टहरू संगको सहकार्य र मोर्चा बस्तुपरक आवश्यकता थियो।

मैले यी पंक्तिहरू लेख्दा किमार्थ पनि यो अर्थ लाग्नु हुन्न् कि म नेकाको कम्युनिष्टहरू संगको सहकार्यको बिरोधमा छु। अहिले जुन उद्देश्यका लागि तथा जुन तर्कका साथ कम्युनिष्टहरू संगको सत्ता गठबन्धनलाई अगाडी बढाउने कुरा आएको छ-यसलाई बुझ्न कठिन भएको छ। अब अगामी चुनावहरूसम्म कम्युनिष्टहरू समेतसंग गठबन्धनलाई निरन्तरता दिनका लागि हालै प्रम तथा नेकाका सभापति शेर बहादुर देउवाले भन्नु भएको छ; अहिलेको सत्ता गठबन्धन कै कारणले उहाँ प्रम हुनु भएको हो। यसर्थ, कुनैपनि काँग्रेस जनले गठबन्धनको बिरोध गर्नु हुदैन। चिढ्याउनु हुदैन। हामी अगामी चुनावहरूसम्म गठबन्धन मै जाने हो। अर्थात, माओवादी,नेकपा समाजवादी र जसपासंग गठबन्धन कायम नै राखेर चुनावमा जाने।

काँग्रेसले चाहेको यस गठबन्धनको निरन्तरता के का लागि? सरल रूपमा जवाफ खोज्ने हो भने पहिलो बझाई हुन्छ: १) एकल रूपमा नेका बहुमत ल्याउने ल्याकत राख्दैन। २) शेर बहादुर जी मा निर्वाचन पछिको संसदबाट पुन: प्रम हुने ईच्छा छ। प्रचण्ड, माधव नेपाल र उपेन्द्र यादवका पार्टीका साथ गठबन्धन गरी चुनावमा जादाँ नेकाको बहुमत एवं संख्यात्मक प्रधानता रहन्छ। प्रममा देउवा जी को दावी स्वभाविक हुन्छ। ३) नेकाले आफ्नो नेतृत्वमा यसरी बहुमत ल्याउन सकेमा मुख्य बिपक्षी एमालेलाई अझ कमजोर पार्न सकिन्छ। यो स्थितिमा हालै यो गठबन्धनको सरकारले हालै बनेको परिदृश्य अनुसार भारत-अमेरिकी धुरीको भरपर्दो नेपाली पक्ष बन्नेछ,यसबाट अनेक थरीले लाभान्वित भैरहने छन्।

नेपालमा र नेकामा शेर बहादुर जी अहिले बलियो मानिनु हुन्छ। उहाँ प्रम पदको चिरन्तर आकांक्षी पनि हुनुहुन्छ। वर्तमान गठबन्धनको यसरी निरन्तरता अवश्यमेव् शेर बहादुरको हितमा नै हुन्छ। तर, यसबाट समग्रमा नेकालाई कतिको लाभ हुन्छ-यसको आंकलन तथ्यगत रूपमा नेकाका नेता कार्यकर्ताहरूले गर्ने होलान। नेकालाई दीर्घकालिन लाभ हानी जे भएपनि, यदि शेर बहादुरले यही चाहनु भएको हो भने उहाँले गरेरै छाडनु हुन्छ-यो बुझे हुन्छ। शेर बहादुर जीले काँग्रेसका सबै पुराना मित्रहरूलाई परित्याग गरिसक्नु भएको छ। उपयोगी मानिसहरूको उपयोग गर्ने र पछि छोडदिने कुरामा उहाँ गिरिजा प्रसाद कोईरालालाई धेरै पछाडी छोडनु भएको छ। यस अर्थमा गठबन्धनका नयाँ मित्रहरू उहाँका समयोपयोगी साथी हुन सक्छन्। तेसो भए यस मित्रतालाई अझ प्रबल तथा दरो किन न बनाउने?



जयप्रकाश गुप्ता

नेपाली काँग्रेस र माओवादी, नेकपा समाजवादी तथा जसपामा के नै आधारभूत

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय



# होलीको उमङ्ग

विगत वर्षझैं यस वर्षको रंगहरूको पर्व मनाइएको छ । होलीले सम्पूर्ण नेपाली जनमा हर्षोउल्लास ल्याउने गर्दछ । रंग दलेर शुभकामना साटासाट गर्दै होली मनाइने गरिन्छ ।

होली हामी नेपालीको उत्सव हो तर होलीको नाममा पनि हिमाल, पहाड, तराईमा विभाजन गरिएको छ, छुट्टाछुट्टै दिन मनाउने भनेर । यसले गर्दा एउटै देशमा रहेका नेपालीहरूमा टाढा रहेको अनुभूति दिलाउँछ । भनाई नै छ नि 'हिमाल पहाड तराई कोही छैन पराई' । यसलाई बरू एकैदिन बनाउन आवश्यक देखिन्छ । तराईमा उल्लास हुँदा होलीको पहाडमा पनि खुशीयाली छाएको हुनुपर्छ, अनि हिमाल पनि । होली हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमा अर्थात होली पूर्णिमाको दिन मनाइन्छ । यो नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । यो चाड वसन्त ऋतुमा फागुनको महिनामा मनाइन्छ । होली रंगहरूको चाड हो । होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रंगहरू हालेर एक अर्कालाई रंगीन बनाउँछन् ।

भनिन्छ कि होलीको दिन 'पुरानो कटुता समाप्त गरेर, दुश्मनी बिर्सेर मान्छे एकअर्कासत मिल्छन्' । यस पर्वलाई फागुनको महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ । होली पर्व घरपरिवार साथीभाइ आपसमा रंगमा रंगीएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हूल तथा जत्थाहरू हातमा रंग र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमंगका साथ मनाइने रंगीन पर्वको रूपमा लिइन्छ ।

**नेपालमा फागू पूर्णिमालाई चीर पर्व पनि भन्ने गरिन्छ । फागु पूर्णिमा सद्भावको प्रतीक हो । पूर्वा फाल्गुणी नक्षत्र पूर्णिमाको दिन रहन पुग्दा यो महिनालाई फाल्गुन भनिएको हो ।**

फागुलाई मदनोत्सव पनि भनिन्छ । यहाँ मदनको अर्थ हो प्रणय, प्रेम र शृंगार ! हाँस र हँसाउ, जसले रंग लाइदिन्छ उसलाई रंग लाइदेउ, क्षमा गर, सहनशील बन यसको मुख्य संदेश हो । फाल्गुण पूर्णिमा चन्द्रमाको जन्म दिन हो । नेपालमा फागू पूर्णिमालाई चीर पर्व पनि भन्ने गरिन्छ । फागु पूर्णिमा सद्भावको प्रतीक हो । पूर्वा फाल्गुणी नक्षत्र पूर्णिमाको दिन रहन पुग्दा यो महिनालाई फाल्गुन भनिएको हो ।

चाड पर्व मनाउनुको पछाडी केही नैसर्गिक, सामाजिक, ऐतिहासिक एवं आध्यात्मिक कारण रहन्छन । यी चाड मनाउनुको पछाडि चाड मनाउने व्यक्तिले उसको सामाजिक जीवनमा लाभ पाओ्स भन्ने अभिप्राय लुकेको हुन्छ । फेरी चाड पर्व मनाइदा नै समाजको आध्यात्मिक उन्नति सम्भव हुन्छ । त्यसकारण चाड पर्वको शास्त्राधार के हो थाहा पाउनु जरूरी हुन्छ ।

होली संक्रान्ति सरहकी देवी हुन् । मानव शरीरको षड्विकारहरू माथि विजय प्राप्त गर्ने क्षमता होलीका देवीमा रहेको मानिन्छ । त्यसैले मानव विकार माथि विजय प्राप्त गर्न होलिका देवीसँग प्रार्थना गरिन्छ । अग्निप्रति कृतज्ञता व्यक्त गर्नु यसको दोश्रो अंग हो । होली अग्निदेवताको उपासनाको एक अंग हो । अग्निदेवताको उपासना गर्दा व्यक्ति विशेषको तेजतत्व बढ्न पुग्छ र उसको रजो र तमो गुण घट्दछ । त्यसकारण होलीका दहन रात्रीकालमा गरिएको हो ।

पृथ्वी, पानी, तेज, वायु र आकाश यी पाँच तत्वहरूको सहायताले देव तत्वलाई पृथ्वीमा ल्याउने माध्यम यज्ञ हो । पृथ्वीमा स्पन्दन नहुँदा त्रेतायुगमा पञ्च तत्वमा विष्णुतत्व प्रकट हुन् पुग्यो । यज्ञको ज्वालासँगै यज्ञकुंडमा विष्णुतत्व प्रकट भएको दिन फाल्गुन पूर्णिमाको दिन थियो । दुष्प्रवृत्ति एवं अमंगल विचार नाश गरी, सद्प्रवृत्तिका मार्ग देखाउने, ईश्वरीय चैतन्य प्राप्त गर्ने आध्यात्मिक साधनामा अग्रसर हुने, अग्निदेउता प्रति कृतज्ञता व्यक्त गर्ने पर्व हो फागु ।

# मधेशको राजनीतिबाट पलायनको अवस्था किन ?

**विचार-विश्लेषण** भाग-१२५



उपेन्द्र झा

**मधेश विद्रोह शासकवर्गका लागि ठूलो चुनौतीको विषय थियो । बढ्दो जनसंख्याको चापले एकदिन मधेश शासकको रुपमा राज्यलाई कब्जा नगरोस् भन्ने अज्ञात भयबाट पीडित शासकवर्गले आपसी मतान्तरलाई बिर्सि संविधान सभामा सबै राजनीतिक दल एक भएका थिए । काठमाण्डौं ताक्ने मधेशीहरुलाई आफ्नै ठाउँमा बस्न र अधिकार खोज्न अहिलेको संविधान ल्याएर नियन्त्रणमा राख्ने प्रयास गरियो ।**

शताब्दियौंदेखि दोहन, शोषणको उत्पीडनबाट मुक्ति पाउन मधेशले संगठित सशक्त विद्रोह गरेको १५ वर्ष बित्यो । यो लामो अवधिमा मधेशले चाहेको प्रादेशिक संरचना, राज्यको हरेक अंग र तहमा समानुपातिक प्रतिनिधित्व, सेना र प्रहरीमा जनसंख्याको आधारमा भर्ना गरिने आदि मूलभूत कुराहरु सम्बोधनबाट बञ्चित राखी अरु साना कुराहरुमा पनि राखिएको विभेदमा खुकुलोपन दिएर मधेशीको चित्त बुझाउने काम गरियो । मधेशको अविस्मरणीय विद्रोह जहाँ सयकडौं शहादत भयो, सयकडौं घाईते, अपाङ्ग भएर मानिस कष्टप्रद जीवन जिउन बाध्य बनेका छन् त्यसको बदलामा मधेशले केही पाउन सकेको छैन । उपरोक्त अधिकारको नीतिगत सम्बोधन आवश्यक थियो, नियतवश हुन दिईएन । फलत: मधेश जहाँको त्यहीं रह्यो ।

मधेश विद्रोह शासकवर्गका लागि ठूलो चुनौतीको विषय थियो । बढ्दो जनसंख्याको चापले एकदिन मधेश शासकको रुपमा राज्यलाई कब्जा नगरोस् भन्ने अज्ञात भयबाट पीडित शासकवर्गले आपसी मतान्तरलाई बिर्सि संविधान सभामा सबै राजनीतिक दल एक भएका थिए । काठमाण्डौं ताक्ने मधेशीहरुलाई आफ्नै ठाउँमा बस्न र अधिकार खोज्न अहिलेको संविधान ल्याएर नियन्त्रणमा राख्ने प्रयास गरियो । मधेशलाई नेतृत्व गर्ने केही राजनीतिकर्मीहरुलाई राज्यले उच्च दर्जाका मन्त्री पद तथा उच्च सम्मान दिएर तेजोबध गरि मधेशको राजनीतिक धरातलमा बदनाम गराएर राख्यो ।

मधेशलाई ६ टुक्रामा विभाजन गरि ८ जिल्लाको एक टुक्रालाई मधेश प्रदेश बनाएर सुम्पिदा मधेशका राजनीतिकर्मीहरुले बडो खुशीका साथ आफ्नो सरकार बनायो । सरकार पाएको खुशीमा मधेशका राजनीतिकर्मीहरुले एकपल्ट पनि शासकवर्गसंग 'हाम्रो मधेशको अरु भूभाग खोई' भनेर सोधेन । मधेशलाई अधिकार दिलाउने नेतृत्व मण्डल अहम् नीतिगत कुराहरु राख्न पनि डराए । पाएको सामान्य अधिकार पनि खोसिने डरले थाती राखिएको राज्य पुनरसंरचनाको कुरा उठाउन पनि छोडे ।

चित्त न बुझेका कुराहरुमा आन्दोलन, विरोध प्रदर्शन जस्ता दबावमूलक कार्यक्रमहरु गरेर नैतिक दायित्व निर्वाह गर्ने मधेशका राजनीतिकर्मीहरु १५ वर्षको अनवरत परिश्रमबाट उपरोक्त अहम् मुद्दाप्रति सरकारले कुनै चासो नराख्दा यथास्थितिमा नै बस्नु बेस ठानेका मधेशका राजनीतिकर्मीहरु चित्त बुझाएका छन् ।

शासकवर्गसंग मिलेर सत्ता पनि पाईने र सानातिना जनताका मुद्दा पनि सम्बोधन गराउने भएकोले पनि कष्टकर संघर्षभन्दा यथास्थिति बढि आरामदेह ठहरिएकोले संघर्ष जस्तो अरण्यरोदन कसले देख्ला । यथास्थिति सिद्धान्तहीन राजनीतिक पलायन हो । राजनैतिक पलायन वैचारिक थकानको चरमोत्कर्ष हो । यहाँबाट संघर्षको सबै ढोका बन्द हुन्छ । पार्टीभित्र रहेका क्रान्तिकारी शक्ति पनि संघर्षको मूल ढोका नपाएर या त यथास्थितिलाई स्वीकार्छन् वा गन्तव्यको मूल दिशातिर लाग्छन् । अगुवा राजनीतिकर्मीहरुको वैचारिक पलायनले मधेशलाई त बिगार्‍यो नै, सिङ्गै दोश्रो पुश्तालाई पनि दिशाहीन बनाई छाड्यो ।

मधेशको मुद्दालाई निस्तेज गर्ने राज्यको षडयन्त्र, राज्यको प्रलोभनमा विचारहीन बनेका मधेशका नेतृत्व मण्डलका नैराश्य गतिविधीका कारण मधेशमा असन्तुष्टता व्यापक रुपमा बढ्यो । दास मानसिकतालाई चिरेर बाहिर निस्किने मधेशको ठूलो प्रयास अन्तत: विफल नै भएको छ । राज्य विरुद्ध मधेशले गरेको पहिलो बलिदानी संघर्षले तात्विक उपलब्धि लिन सकेन । फलत: मधेश पुन: यथास्थितिमा बस्न बाध्य भयो । पछाडि धकेलिएको मधेशमाथि राज्यले विस्तारै भेदभावको जाल फिजाउन शुरु गर्‍यो ।

विपन्न मधेशमा रहेको अवसरवादी चरित्र पनि असफलताको ठूलो कारण बन्यो । शदियौंदेखि उत्पीडनबाट मुक्त गर्न शहादत दिएर पनि मधेशका वीर सपूतहरुले दासताको जंजीर तोडेर आफ्नो अधिकारका लागि संघर्ष गर्न उत्प्रेरित गर्‍यो । संघर्षको मशाल बाल्न एक होइन, दुई होइन, सयकडौं मधेशका वीर सपूतहरुले प्राणको आहूति दिए । उठेको संघर्ष कहिले पनि नमरोस्, दास मनोवृति विरुद्ध मधेशका अमर शहीदहरुले संघर्षलाई जीवित राख्न युवाहरुलाई दिएको सन्देश अर्थहीन भएको छ । युवाहरु अगुवाहरुको अनुसरण गर्दै घोर अवसरवादको दलदलमा फँसेको छ । अधिकारवादी आन्दोलन दिशाहीन भएकोप्रति कसैको चासो छैन ।

संविधान सभाको पहिलो चुनावमा (०६४साल) मधेशका दलहरु मिलेर १२ प्रतिशत मत संकलन गरेका थिए । मधेशको अधिकार दिलाउन प्रतिबद्ध दलहरु त्यस पश्चात् १२ प्रतिशतको सीमारेखा पार गर्न सकेन, अर्थात् मधेशले विश्वास गर्न छोड्यो । समय मै यसको कारण पत्ता लगाई आफू सच्चिएर आएको भए मधेशको राजनीति ट्र्याकमा रहन्थ्यो । पारस्परिक झैं झगडाका कारण नेतृत्व संदिग्ध भयो नै, मधेशले विश्वास गर्न छोड्यो ।

केही सीट जितेर राज्यसुख भोग्ने, आसेपासेलाई पाल्नेबाहेक अधिकार आन्दोलनको दिशा मुखर छैन । कसरी हुने सोच पनि छैन । यसैलाई यथास्थिति भनिन्छ । अधिकार आन्दोलनले आफ्नो मुख्य शत्रु ठम्याएर त्यसका विरुद्ध संघर्ष तीखो पार्छ । तर यहाँ राजनीतिमा शत्रु र मित्र केही हुँदैन त्यसको मन्त्र जाप हुने चलन छ । अन्योलग्रस्त विचारले पनि गन्तव्यमा पुर्‍याउँछ ? अधिकार आन्दोलन गर्ने र राज्यसुख भोग्ने द्विविधायुक्त विचार बोकेर दुवै ठाउँमा आफ्नै उपस्थिति दर्शाउने तर उपलब्धि केही नहुने आदि क्रियाकलापले मधेश झन् निराश भयो । मधेशको विश्वासलाई जित्न सक्ने त्यस बमोजिमका आकर्षक गतिविधी दिन नसकेको कारण मधेशले विश्वास गर्न छाडेर अन्तत: शासक पार्टीलाई नै रोज्न बाध्य भयो ।

मधेशको राजनीति गर्ने दलहरुको दिशाहीन गतिविधीका कारण मधेश पुनश्च नेपाली काँग्रेस, नेकपा एमाले तथा माओवादी केन्द्रलाई रोज्न थाल्यो । जसको विरुद्ध आन्दोलन केन्द्रीत थियो त्यसैको पार्टीमा मधेशीहरुको पलायन मधेशका दलहरुका लागि उपलब्धि हो कि हानी, यसको पनि लेखाजोखा गर्ने फुर्सद नरहेको दलहरुले मधेशको लागि के गर्ला ? देश होईन, मधेश होईन, जातपातको राजनीति गरि सिमित क्षेत्रमा कैद रहेर यिनले न देशको न मधेशको समस्या हटाउन सक्छ । यिनको सिमित भूमिकाबाट मधेश असन्तुष्ट हुनु स्वाभाविक हो र यसरी मधेशको पलायन शुरु भयो । रोकिने चान्स पनि छैन ।

janukjha24@gmail.com

# विपन्नलाई एमबीबीएस पढाउने कार्यक्रम असफल

विराटनगर । दिगोपनमा आधारित स्पष्ट कार्ययोजना अभावमा गरिबका छोराछोरीलाई एमबीबीएस पढाउने प्रदेश १ सरकारको कार्यक्रम असफल बनेको छ । कानुनी बाधा अड्चनसहितको बाध्यकारी व्यवस्थाका कारण प्रदेश सरकारको उक्त कार्यक्रम असफल बनेको हो ।

गरिबका छोराछोरी पनि डाक्टर बन्नुपर्छ भन्ने उद्देश्यसहित उनीहरूको एमबीबीएस अध्ययनका लागि आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश सरकारले 'जनता चिकित्सा शिक्षा कोष' को अवधारणा अघि सारेको थियो । सरकारको वार्षिक नीति तथा कार्यक्रममै समेटिएको उक्त कोषमार्फत विनाधितो सुलभ रूपमा अनुदान उपलब्ध गराएर गरिबका छोराछोरीलाई एमबीबीएस पढाउने सरकारको योजना थियो । तर, आवश्यक प्रचार र दीर्घकालीन कार्ययोजनाको अभावमा सरकारको उक्त कार्यक्रम हाल कागजमै सीमित बनेको छ ।

आव २०७५/०७६ मा प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोको पहलमा कोष स्थापना गरिएको थियो । पछौटेपनको सिकार भएका गरिब तथा विपन्न वर्गका नागरिकका छोराछोरीलाई लक्षित गर्दै सरकारले उक्त कार्यक्रम ल्याएको थियो । प्रदेशभित्र मानवीय सूचकांकमा सबैभन्दा पछि परेका तथा सामुदायिक विद्यालयबाट शिक्षा हासिल गरेका गरिबका छोरोछोरीलाई एमबीबीएस अध्ययनका लागि छात्रवृत्तिस्वरूप १० लाख अनुदान दिने सरकारी योजना थियो । उक्त सुविधा एक स्थानीय तहबाट एकजनाले मात्र पाउने व्यवस्था गरिएको थियो । अध्ययन समाप्तिपश्चात् चिकित्सकको अभावमा नागरिकले मृत्युवरण गर्नुपर्ने अवस्था रहेको प्रदेशका दुर्गम क्षेत्रहरूमा विद्यार्थीहरूलाई सेवा गर्न पठाउने सरकारको उद्देश्य थियो ।

कम्तीमा पनि पाँच वर्षसम्म सरकारले खटाएको ठाउँमा काम गनुपर्ने सरकारको सर्त थियो । तर, सरकारको उक्त कार्यक्रमले पूर्णता पाउन सकेन । सरकारको उक्त बाध्यकारी व्यवस्थाकै कारण जनता चिकित्सा शिक्षा कोषको कार्यक्रम सफल हुन नसकेको प्रदेश सरकारका विभागीय मन्त्रीहरू बताउँछन् ।

जनता चिकित्सा शिक्षा कोषको सहयोगमा एमबीबीएस अध्ययन गर्ने विद्यार्थीहरूका लागि सरकारले खटाएको ठाँउमा काम गर्नुपर्ने अन्यथा कुल अनुदानको शतप्रतिशत रकम जरिवानास्वरूप असुल गरिने कानुनी व्यवस्था गरेको थियो। सरकारको उक्त बाध्यकारी कानुनी व्यवस्थाकै कारण योजनाप्रति विद्यार्थीहरूको वितृष्णा बढेको मन्त्रालयका उपसचिव पोखरेलको भनाइ छ ।

प्रदेश १ का मेडिकल कलेजहरूसँगको प्रशस्त समन्वय र कार्यक्रमबारे विस्तृत जानकारीको अभावमा गरिबका छोराछोरीलाई डाक्टर बनाउने सरकारको योजना पछि परेको छ । मन्त्रालयको अग्रसरता र पर्याप्त प्रचारप्रसारको अभावमा पनि कार्यक्रमको प्रभावकारिता न्यून बनेको मेडिकल कलेजहरूले बताएका छन् । सरकारको कार्यक्रम सम्बन्धित मन्त्रालय र विद्यार्थीहरूबीच मात्र सीमित भएकाले सरकारको उक्त कार्यक्रम कोल्याप्स भएको उनीहरूको भनाइ छ । मन्त्रालयले कार्यक्रमबारे विस्तृत रूपमा बुझाउन नसक्दा अझै पनि अधिकांश विद्यार्थीहरू अनभिज्ञ रहेकाले सरकारको उक्त कार्यक्रम असफल बनेको मोरङको बुढीगंगास्थित विराट मेडिकल कलेजका प्रशासकीय अधिकृत प्रकाश पोखरेलले बताए ।

# लोसपा पनि प्रतिगमनकारी हो, चुनावी तालमेल हुँदैन

**लोसपा पनि प्रतिगामी पार्टी हो। १८ दिनका लागि मन्त्री बन्न गए, ओलीको होस्टेमा हैसे मिलाउन गए। यो निर्वाचनमा केन्द्रीयस्तरमा लोसपासँग सहकार्य हुने छाँटकाँट मैले देखेको छैन। स्थानीय तहमै यदि साथीहरुले लोसपासँग कुनै गठबन्धन गर्नुभयो भने त्यसमा आश्चर्य नमान्नुहोला।**



**मनिष सुमन**
**केन्द्रीय कार्यकारिणी समिति सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

**० जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समिति, केन्द्रीय समिति र संघीय परिषद्को बैठक हालै सम्पन्न भएको छ, निर्णयहरु के-के भयो ?**

– फागुन १३ गतेदेखि नै जसपा नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक बसिरहेको थियो। त्यसपछि संघीय परिषद्को बैठक फागुन २८ गते भयो र केन्द्रीय समितिको बैठक फागुन २९ र ३० गते भयो। सबै बैठकले आआफ्ना निर्णयहरु गरे। समग्रमा भन्नुपर्दा हामीले स्थानीय तह निर्वाचन निर्देशिका पारित गऱ्यौं। जसअनुसार जसपा नेपाल औपचारिकरुपमा निर्वाचनमा होमियो। त्यस्तै, समसामयिक राजनीति सम्बन्धी निर्णय गऱ्यौं। यस्तै, जसपाको विधान अधिवेशन असारको १ र २ गते गर्ने निर्णय गऱ्यौं। जसपामा मुख्यालय समिति बनाउने, समायोजनका कार्यहरु आगामी १० दिनभित्र सम्पन्न गर्नुपर्ने लगायतका निर्णयहरु गर्दै भव्यताका साथ बैठकहरु सम्पन्न भएको छ।

**० जसपाभित्र देखिएका विवाद वा समस्याहरु ती बैठकहरुले समाधान गऱ्यो ?**

– बाहिर देखिएका समस्या वा विवादहरु हामीले पार्टीभित्र देखेका थिएनौं। पार्टी सामूहिक र समावेशी नेतृत्व, विधानसम्मत तरिकाले चल्नुपर्छ भन्ने कुराहरु साथीहरुले उठाउनुभएको थियो। बाहिर हल्ला भएजस्तो समस्या थिएन। तर भएका साथीहरुको साँच्चिकै तुष थियो भने पनि बैठक भव्यतापूर्वक सम्पन्नताले ती सबै कुरालाई समाप्त पाऱ्यो।

**० समस्याहरु थिएन वा समाप्त नै भयो भने मुख्यालय समिति किन गठन भयो त ?**

– मुख्यालय समिति जसपालाई चाहिएकै थियो। केन्द्रीय कार्यकारिणी समितिको सदस्य संख्या ३३ छ, केन्द्रीय समितिको सदस्य संख्या पाँच सयभन्दा बढी छ। यस्तो आलोकमा ती समितिहरुको बैठक चाहेको बखत तुरुन्त बस्न सकिन्न। त्यस्तो अवस्थामा निर्णय गर्नका लागि सानोभन्दा सानो एउटा युनिट चाहिन्छ, त्यो युनिट भने मुख्यालय अर्थात हेडक्वार्टर गठन भएको हो। सामूहिक र समावेशी नेतृत्वमा चल्ने जसपा हो।

**० जसपाभित्र पूर्वराजपाका नेताहरु संगठित भइरहेका छन् नि ?**

– मिथ्या कुरा हुन्। विभिन्न समूहहरुको समागम पार्टी हो जसपा। यसमा धेरै पार्टीहरु मिसिएका छन्। पार्टी एकीकरण गरिसकेपछि साबिक पार्टीलाई विघटन गर्ने प्रचलन छ। राजपाबाट आएका केही साथीहरु अवस्थ छौं, अस्तित्व त छ। तसर्थ, पार्टीकै निर्णयअनुसार समायोजनका कुराहरु कसरी पूरा गर्ने र पदनामका कुराहरु कसरी व्यवस्थित गर्ने भन्ने विषयका लागि हामी पूर्वराजपाका साथीहरु बसेका थियौं। महाधिवेशनसम्म पूर्वपार्टीका ती अवशेषहरु देखा परिरहेका छन्।

**० तर महेन्द्र राय यादवको नेतृत्वमा पूर्वराजपाका नेताहरु नयाँ गुट बनाउँदैछन् भन्ने चर्चा छ नि ?**

– हामी पूर्वराजपाका साथीहरु कसैको नेतृत्वमा होइन, पार्टी एकीकरण हुँदा राजपाबाट आएका सबै साथीहरु नेता हुन्। त्यतिकै हामी चिया गफमा समायोजन र पदनाम व्यवस्थित गर्न जसपाका नेतृत्वको सल्लाहमा त्यो बैठक बसेको थियो। त्यसको न त कसैले नेतृत्व गरेको थियो न त कसैको अध्यक्षता थियो।

**० आसन्न स्थानीय चुनावमा जसपा कसरी प्रस्तुत हुन्छ ?**

– हामीले स्थानीय तहको निर्वाचन निर्देशिका पारित गरेका छौं। त्यो निर्वाचन निर्देशिकामा केन्द्रीय तहमा गठबन्धन भएको बाहेक स्थानीय तहमा पनि सबै प्रकारको गठबन्धन गर्न सकिनेछ। हामी सबै प्रकारका गठबन्धनका बाटोहरु खोलेका छौं। केन्द्रमै अहिले चार पार्टीको गठबन्धन छ। चार पार्टीले टुंग्यायो भने त्यो पनि हुन सक्छ। तर त्यस्तो गठबन्धन भएन भने जसपाका कार्यकर्ताहरु पछिल्लो पाँच वर्षदेखि लगातार, अनवरत जनताका बीचमा गएर काम गर्दै आएका छन्। पार्टी आफ्नो घोषणापत्र, विचार र सिद्धान्तअनुसार भ्रष्टाचार निर्मूलीकरण, विकास, सुशासन गर्ने हाम्रो सिद्धान्त हो। यी सबै मुद्दा लिएर हामी निर्वाचनमा जान्छौं। गठबन्धन भएपनि जय-जय, नभए पनि जय-जय। जसपा एकलै चुनाव लड्न पनि तयार छ। विगतमा एक जना सनकी शासक केपी ओलीबाट हामीले देशलाई उन्मुक्त गरायौं। त्यसैले भोलिका निर्वाचनहरुमा पनि गठबन्धन बनाएर चुनाव लडौं, नभए फेरि ती प्रतिगामी तत्वहरु सलबलाइरहेका छन्, त्यसले फेरि पनि सनकी काम गरेर देशलाई कब्जामा लिन सक्दछन्। त्यसैले, देश, लोकतन्त्र, संसदीय व्यवस्थाको रक्षार्थ यो गठबन्धन नै कमसेकम एक संसदीय निर्वाचनसम्म कायम राखौं भन्ने उद्देश्यका साथ जसपा लागेको छ। गठबन्धन बनाएर चुनाव लड्यौं भने त्यसको परिणाम गठबन्धनको पक्षमा आउँछ।

**० भनेपछि जसपा यो चुनाव वर्ष गठबन्धन गरेरै जाने निष्कर्षमा छ ?**

– जसपाको पहिलो प्राथमिकता गठबन्धन नै हो। जसपाले मात्रै चाहेर हुँदैन, अन्य घटक दलहरुले चाह्यो भने हुन्छ। कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी नचाहेको खण्डमा जसपा एकलै पनि चुनावमा भिड्न तयार छ र जित्छ पनि। मधेश प्रदेशको सबभन्दा ठूलो पार्टी जसपा नै हो र फेरि पनि रहन्छ। यसपटक हिमाल, पहाडमा पनि अपेक्षाकृत राम्रो परिणाम ल्याउँछौं।

**० अहिलेको गठबन्धन यो स्थानीय चुनावसम्म जान सकेन भने जसपाबाट छुटिएर गएको लोकतान्त्रिक समाजवादी पार्टीसँग सहकार्यको सम्भावना छ कि छैन ?**

– स्थानीयस्तरमा हुन सक्छ तर केन्द्रीयस्तरमै नेकपा (एमाले) र लोसपासँग तत्काल ती प्रतिगामी शक्तिहरुसँग गठबन्धनको सम्भावना छैन। लोसपा पनि प्रतिगामी पार्टी हो। १८ दिनका लागि मन्त्री बन्न गए, ओलीको होस्टेमा हैसे मिलाउन गए। यो निर्वाचनमा केन्द्रीयस्तरमा लोसपासँग सहकार्य हुने छाँटकाँट मैले देखेको छैन। स्थानीय तहमै यदि साथीहरुले लोसपासँग कुनै गठबन्धन गर्नुभयो भने त्यसमा आश्चर्य नमान्नुहोला।

**० स्थानीय निर्वाचनमा मात्रै कि प्रदेश र संघको निर्वाचनमा पनि लोसपासँग सहकार्य वा गठबन्धनको सम्भावना छैन ?**

– संघीय निर्वाचनसम्मकै कुरा हो। अहिले त स्थानीय निर्वाचन आसन्न छ। आगामी निर्वाचन वर्ष भनेर भनिएको छ। यो निर्वाचन वर्षमा लोसपा र एमालेसँग कुनै प्रकारको चुनावी गठबन्धन हुने सम्भव छैन।

**० यो चुनावको मुखमा निर्वाचित प्रतिनिधिहरु दलबदल गरिरहेको अवस्था छ। मधेश प्रदेशकै एक मात्र महानगरपालिका वीरगन्जका मेयरलगायत तपाईंको पार्टीबाट निर्वाचितहरु एमाले प्रवेश गरे। जसपाले किन रोक्न सकेन ?**

– हाम्रो पार्टीमा धेरै मान्छेहरु आएको पनि देख्नुभएको होला। जसपाले जति पार्टी प्रवेश गराएको छ, त्यति त अन्य पार्टीले मधेशमा गराएको छैन। हाम्रो पार्टीमा प्रवेश गरेको कुरा चर्चा नहुने, एक जना पार्टी छोडेर जाँदा ठूलो कुरा होइन। वीरगन्जका मेयर विजय सरावगीले गरेका नराम्रा कामहरुका लागि आलोचित थिए। पार्टीले त्यसरी एकजना बदनाम वा आलोच्य व्यक्तिलाई पुनः टिकट दिन्छ भन्ने ग्यारेन्टी नै राख्नुभएन। एकचोटि पदमा बसिसकेपछि फेरि पनि बसिरहुँ लाग्यो होला। अब जसपाले टिकट नदिएपछि कसले देला, ओलीजीले देला कि उहाँलाई लागेको होला। ओलीजीको पार्टी मधेशमा आलोचित छ, उम्मेद्वार पाउन अलि-अलि गाह्रो छ अनि उहाँले लानुभयो।

**० भनेपछि, जनप्रतिनिधिहरु जसपाबाट जाँदा कुनै फरक पर्दैन ?**

– जसपामा अहिले प्रवेश गर्ने लहर चलिरहेको छ। टिकटको लोभमा कोही पार्टी छोडेर जान्छन् भने 'भीरबाट लडेकोलाई राम-राम भन्न सकिन्छ, काँध थाप्न सकिँदैन।'

**० संघीय सरकारमा जसपा ६-७ महिनादेखि छ तर मधेशका के-के मागहरु सम्बोधन गरायो ?**

– यसका बारे पनि पार्टीका समितिहरुको बैठकमा कुराहरु उठ्यो। हामीले समायोजन र संगठनका कुराहरु गरिरहँदा पार्टीले मन्त्रीहरुलाई निर्देशन पनि दिएको छ। मन्त्रिपरिषद्मा नागरिकता विधेयक, लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरण, संविधान संशोधन, राजबन्दी रिहाइ यी सबै कुराहरु सरकारबाट जोडतोडले उठाउनुस् भनेर पार्टीले निर्देशन गरेको छ। निर्वाचन आचार संहिता लागू हुनुभन्दा अगावै यी कार्यहरु फत्ते गर्नुस् भनेर निर्देशन भएको छ। छिट्टैभन्दा छिट्टै हामीले हाम्रा र मुद्दाका आधारमा मागहरु सम्बोधन होस् भन्ने पार्टीले निर्देशन दिएको हो।

# राजनीतिमा नैतिकता हराएपछि चरित्रको कुनै अर्थ रहँदैन

**मुखले अग्रगमनकारी र प्रतिगमनकारी भनेर हुँदैन, व्यवहारमा के छ, त्यो देखिनुपऱ्यो। मनिष सुमनजीलाई सोध्न चाहन्छु कि जुन पार्टीले रमेश महतोको हत्या गऱ्यो, लास लुट्यो, त्यो पार्टीलाई मधेश प्रदेश सरकारमा मन्त्री बनाएर राखेको छ, यो अग्रगमनकारी हो ?**



**डा.सुरेन्द्र झा**
**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० आसन्न स्थानीय निर्वाचनकेन्द्रित विभिन्न दलहरु अहिले अभियान चलाइरहेका छन्, तर लोकतान्त्रिक समाजवादी पार्टी नेपाल के गर्दैछ ?**

– आसन्न स्थानीय निर्वाचनलाई लोकतान्त्रिक समाजवादी पार्टीले अत्यन्त महत्वका साथ हेरेको छ। हाम्रो कार्यक्रमहरु निरन्तर चलिरहेका छन्। हामी लोसपा निर्माण गरिसकेपछि वडादेखि जिल्लासम्मकै सांगठनिक संरचना चुस्तदुरुस्त बनाउनुपर्ने थियो, त्यो कार्यलाई हामी अगाडि बढाएका छौं। मधेशका सबै जिल्ला, पालिका र वडाहरुमा कार्यसमिति निर्माण भइसकेको छ। अधिकांश ठाउँमा सदस्यता अभियान पनि जारी छ। हामीले आसन्न निर्वाचनकेन्द्रित औपचारिक ढंगले निर्णय नगरेपनि पार्टीका 'रेंक एण्ड फाइल' एकदम सक्रिय भएर अगाडि बढ्नुभएको छ। दिनहुँ हाम्रा शीर्षस्थ नेतृत्वहरुले विभिन्न जिल्लाहरुमा गतिविधिहरु बढाइरहनुभएको छ। त्यसैले निर्वाचनमुखी गतिविधिमा लोसपा पछाडि छ भन्ने होइन। औपचारिक निर्णयहरु हुन नसकेको हो। राम्रो संगठन बनाउने र चुस्तदुरुस्त ढंगले अगाडि बढ्ने सन्दर्भमा शीर्षस्थ नेतृत्वबीच छलफलहरु भइरहेका छन्। यसबीचमा हामीले स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमहरु अगाडि बढाएका छौं। जसमा हामीले खासगरी तीनवटा विषयलाई उठाएका छौं। अहिलेको राजनीतिक परिवेशमा लोकतान्त्रिक समाजवादको अवधारणा र लोकतान्त्रिक समाजवादको अव्यवहरु के-के हुनसक्छ, कार्यशैली के-के हुनसक्छ, न्यूनतम् मापदण्ड र बुझाइ के हो भन्ने कुरा लिएर हामी आफ्नो नेता कार्यकर्तामा लिएर जान्छौं। त्यसैले हामी स्थानीय निर्वाचनलाई एकदमै महत्वका साथ जनताको माझमा जाने तयारीमा छौं।

**० तर, लोसपा अहिले स्थानीय निर्वाचनलाई मध्यनजर गर्दै आफ्ना एजेण्डासहित जनतामा जानुपर्ने होइन र ?**

– यसलाई हामी अत्यन्त सकारात्मक ढंगले हेरेका छौं। जनताको बीचमा जाने माध्यम नेता र कार्यकर्ता नै हो। नेता कार्यकर्ताले पार्टीको एजेण्डा, प्राथमिकीकरणमा परेका विषय र मुद्दाहरु, विगत चार वर्षमा पार्टीले गरेको कामको मूल्यांकन र कुन कुरा लिएर हामी जनताको बीचमा जानुपर्छ भन्ने कुरा ओरियन्ट नगरिकन जनताको बीचमा जाँदा सही सन्देश नजान पनि सक्छ। त्यसैले प्रभावकारी ढंगले जनताको माझमा जानकै लागि प्रशिक्षण कार्यक्रमहरु तयार गरेका छौं। अहिले लोसपाप्रति जनताको झुकाव बढेको देखिन्छ। हजारौंको संख्यामा पार्टी प्रवेश कार्यक्रमहरु भइरहेका छन्। महन्थ ठाकुरजीप्रतिको जुन विश्वसनीयता छ, त्यसले पनि जनतालाई आकर्षित गर्न सकेको छ। लोसपा वास्तविकरुपमा यो देशको लोकतान्त्रिक शक्ति हो। यसको साझा चौतारीको रुपमा लोसपालाई स्थापित गर्न चाहेका छौं। लोसपाको नेतृत्व महन्थ ठाकुर देशकै संसदीय व्यवस्थाको भिष्मपीतामहको रुपमा हुनुहुन्छ।

**० लोसपा नामको मात्रै लोकतान्त्रिक पार्टी हो, लोकतान्त्रिक अभ्यास हुँदैन भनेर कतिपय पार्टी परित्याग गरेका पनि छन् नि ?**

– कसैले व्यक्तिगत हित प्राप्तिका लागि आवाज उठाउने र त्यो पूरा भएन भने समग्र पार्टीलाई दोष दिनु उपयुक्त हुँदैन। जहाँसम्म कुरा छ कि वृषेश चन्द्र लालजीहरु पार्टी छोडेर जानुभयो, उहाँ नेपाल वा मधेशको राजनीतिमा स्थापित हुनुको कारण एउटा मात्र हो कि उहाँ महन्थ ठाकुरजीसँग नजिक रहेर काम गर्नुभयो। त्यसैले हिजोसम्म उहाँले लाभको पदमा हुनुहुन्थ्यो, पार्टी धेरै राम्रो थियो। आज उहाँले लाभको पद खोज्नुभयो, परिस्थितिले त्यो ठाउँमा अर्को साथी आउँदा यो भएन भनेर भन्नु यो एकदम निकृष्ट विचारधारा हो। त्यसैले लोसपा पूर्ण लोकतान्त्रिक पद्धतिबाट नै चलेको दल हो। यसमा सामूहिक निर्णयबाट अहिलेसम्म विभिन्न निर्णयहरु हुँदै आएको छ। बैठक र निर्णयहरु निरन्तर भइरहेका छन्।

**० आसन्न निर्वाचनमा सत्तारुढ गठबन्धन छ, लोसपा त एक्लो पऱ्यो नि ?**

– यो गठबन्धन चुनाव गराउन सक्ला तर गठबन्धनै गरेर चुनावमा जान्छ भन्ने लाग्दैन। यो एउटा अस्थायी गठबन्धन नै हो। यो एउटा विशेष परिस्थितिमा निर्माण भएकोले गठबन्धनभित्रका ठूलो दलले सानाप्रति अपमानित शब्दहरु प्रयोग गरिरहेका छन्। त्यो सुन्दा न्यूनतम् राजनीतिक धरातल भएको भए प्रचण्ड, माधव नेपाल र उपेन्द्र यादव त्यो गठबन्धनमा बस्न सक्ने अवस्थै छैन। एमसीसीकै प्रकरणमा ती कुराहरु देखिसक्यो। कांग्रेसका नेताहरु रोष्ट्रमबाटै यति अपमाणित शब्द प्रयोग गर्दा पनि यिनीहरु यति सत्तालम्पट छन् कि सत्ता गठबन्धनबाट निस्किने बित्तिकै राजनीतिक अस्तित्व नै सकिन्छ भन्ने डरले बसेका छन्। कांग्रेसका शीर्षस्थ नेताहरुले यो गठबन्धनमा बसून्जेल प्रचण्ड, माधव र उपेन्द्रले रगत मात्रै चुस्छन्, यसले केही पनि दिँदैन भन्ने बुझाइ छ। त्यसैले यो स्थायी गठबन्धन हो भन्ने मलाई लाग्दैन। जहाँसम्म लोसपा एक्लो भयो भन्ने सन्दर्भ छ, यो बहुदलीय राजनीतिक व्यवस्थामा विचारधारा लिएर जनतामा जाने हो। हामी एक्लै चुनावमा जानुपऱ्यो भने पनि कुनै समस्या छैन। स्थानीय तहको निर्वाचनमा गठबन्धन हुने सम्भावना एकदम कम हुन्छ। प्रदेश र संघीय निर्वाचनमा सम्भावनाहरु बढ्छन्।

**० यदि चुनावी तालमेल वा गठबन्धन गर्नुपऱ्यो भने लोसपा कोसँग नजिक छ ?**

– यसमा दुई/तीन वटा कुराहरु हेर्नुपर्छ। राजनीतिक एजेण्डा, आधार क्षेत्र, कसको विरुद्धमा तपाइँ संघर्ष गर्दै हुनुहुन्छ यी सबै कुराहरुलाई हामीले हेर्नुपर्छ। सँगसँगै हाम्रा राजनीतिक एजेण्डाहरुलाई कसले न्याय गर्न सक्छ। विगत १४ वर्षको अनुभवले हामीलाई के सिकाएको छ भने बारम्बार मधेशकेन्द्रित दलहरु पूराना दलहरुसँग सत्ता गठबन्धनमा गयौं तर कुनै दलले हाम्रो एजेण्डाको हिसावले एकदमै अंकमाल गरेर स्वागत गरेको अवस्था रहेन। त्यसैले लोसपाले अबको गठबन्धन सिद्धान्त मात्रै हेरेर भन्दा पनि कसले हाम्रो माग र मुद्दा सम्बोधन गर्न सक्छ। सैद्धान्तिक नजिकपन खासै महत्व राखेन।

**० भनेपछि एमालेसँग तपाइँहरुको नजिकीपन छ, सहकार्य पनि हुनसक्छ ?**

– लोसपा एमालेसँग नजिक छ भन्नुभन्दा पनि एमाले लोसपासँग नजिक छ। तत्कालीन अवस्थामा एमालेको हाम्रो आवश्यकता थियो सत्ता सञ्चालनका लागि, हाम्रो आवश्यकता थियो मुद्दाहरु सम्बोधन गर्न। एमाले एउटा यस्तो शक्ति थियो जसले मधेश आन्दोलनलाई अनुमोदनसमेत गरेन, मधेशमा समस्या छ भनेर कहिल्यै स्वीकारेन। आज त्यो पार्टी लोसपासँग नजिक भएर मधेशको सबै एजेण्डालाई स्वीकार गर्नुपर्ने बाध्यता भयो। त्यसैले लोसपा एमालेसँग नजिक छ भन्दा पनि एमाले लोसपासँग नजिक भयो। त्यसैले आसन्न स्थानीय निर्वाचनमा कोसँग गठबन्धन गर्ने भन्ने कुरा कुनै पनि पार्टीले निर्णय गरेको अवस्था छैन। सम्भावनाहरु खुल्ला छन्। अहिलेकै प्रधानमन्त्रीसँग हाम्रो सम्वाद जारी छ। अस्ति पनि हाम्रा अध्यक्ष महन्थ ठाकुर र प्रधानमन्त्री शेरबहादुरबीच हाम्रा एजेण्डा सम्बोधनका बारे सम्वाद भएको थियो। तर उपेन्द्र यादवजी सात महिनादेखि यो सरकारमा बसिरहनुभएको छ, तर एकपटक पनि मधेशका एजेण्डा सम्बोधनका लागि आवाज उठाउनुभएको छैन।

**० जनता समाजवादी पार्टीसँग गठबन्धन वा सहकार्यको सम्भावना छ ?**

– हाम्रो आधार क्षेत्र एउटै हो, हाम्रा मतदाता पनि लगभग एउटै हो। मधेशमा विविधता छ। तर एजेण्डागत हिसावले हामी जनता समाजवादी पार्टीसँग हामी नजिक छौं। गत चुनावमा हामीले तालमेल गरेकै हौं। त्यस हिसावले राजनीतिमा सम्भावनाहरु जीवित रहन्छन्, बिल्कुलै छैन भन्ने मलाई लाग्दैन।

**० तर, जसपाका कतिपय नेताहरुले लोसपालाई प्रतिगमनकारी भन्दै यो निर्वाचन वर्षमा सहकार्य वा तालमेल सम्भव छैन भन्नुभएको छ नि ?**

– व्यक्तिगत रुपमा राजनीति नबुझेका जस्ताले जसपाको निर्णय प्रक्रियालाई प्रभावित गर्छ जस्तो लाग्दैन। जसपाले त्यस्तो निर्णय गरेको छैन। जसले हामीलाई प्रतिगमनकारी भनेका छन्, त्यो साथी जतिबेला तथाकथित प्रतिगमन हुँदै थियो त्यतिबेला लोसपाकै कित्तामा हुनुहुन्थ्यो। उहाँले खुरुखुरु हस्ताक्षर गरेको मान्छे हो। राजनीतिमा नैतिकता हराएपछि चरित्रको कुनै अर्थ रहँदैन। तपाइँले मनिष सुमनजीको कुरा गर्नुभएको होला। यदि त्यो प्रतिगमनकारी निर्णय थियो भने त्यतिबेला मनिष सुमनजीले हस्ताक्षर नै गर्नुभएको थियो। हामी १८ दिन सरकारमा रहँदा मधेशका धेरै मुद्दाहरु सम्बोधन गराउन सफल भयौं, संविधान संशोधनका लागि कार्यदल नै बन्यो। तर १८ महिनासम्म सरकारमा बस्ने उपेन्द्र यादव र अहिले पनि सत्तामै रहिरहँदा कति मुद्दाहरु सम्बोधन गरायो, त्यो कुरा त मनिष सुमनजीलाई सोध्नुपर्छ। मुखले अग्रगमनकारी र प्रतिगमनकारी भनेर हुँदैन, व्यवहारमा के छ, त्यो देखिनुपऱ्यो। मनिष सुमनजीलाई सोध्न चाहन्छु कि जुन पार्टीले रमेश महतोको हत्या गऱ्यो, लास लुट्यो, त्यो पार्टीलाई मधेश प्रदेश सरकारमा मन्त्री बनाएर राखेको छ, यो अग्रगमनकारी हो ?

**० लोसपा पनि अब यो गठबन्धनको सरकारमा सहभागी हुँदैछ ?**

– सरकार हाम्रो प्राथमिकताको विषय होइन। हाम्रो प्राथमिकतामा अहिले मुद्दा सम्बोधन कसरी गर्ने, हाम्रा राजबन्दी रिहाइ कसरी हुन्छ, हाम्रा नेता कार्यकर्ताको झुट्ठा मुद्दा खारेजी कसरी हुन्छ, नागरिकता समस्या सम्बोधन कसरी गर्ने भन्ने विषयमा मात्रै प्रधानमन्त्रीजीसँग हाम्रो अध्यक्ष महन्थ ठाकुरको सम्वाद भएको छ। अन्य विषयहरु तपशीलका विषयहरु हुन्।

# होली अर्थात "प्रेम र सदभाव" को पर्व



**ललित कुमार यादव**

वैदिक सनातन धर्मालम्बी अर्थात हिन्दुहरुका महत्वपूर्ण चाँड पर्वहरु मध्ये होली एक महत्वपूर्ण पर्व हो। खासगरी नेपाल र भारतमा बिशेष महत्वका साथ होली मनाउने चलन रहेको पाइन्छ। होली बसन्तको चाँड , रंङ्गहरुको पर्व , प्रेमको उत्सव आदि नामले परिचित रहेको छ । तराइमा फगुवा वा फागु पनि भन्ने गरिन्छ । तराइमा होली र मिथिला परिक्रमा को सम्बन्ध जोडीएको छ । मिथिला परिक्रमाको समापन जनकपुर अन्तगृह परिक्रमा समापन पश्चात हुन्छ । जनकपुर अन्तरगृह परिक्रमा पुर्णिमाको दिन घुम्ने गरिन्छ । पुर्णिमाको भोली पल्ट मात्र तराईमा होली मनाउने चलन रहेको छ । पहाडी जिल्लाहरुमा फाल्गुण पुर्णिमाकै दिन होली मनाउने चलन रहेको छ ।
हरेक हिन्दु चाँड पर्व कुनै न कुनै पौराणिक कथासँग जोडिएको छ । होली महोत्सव को उत्पत्ति महाभारतमा फेला पार्न सकिन्छ, भारतीय प्रसिद्ध महाकाव्य। पौराणिक कथा अनुसार राजा हिरण्यकाश्यप एकदम अहंकारी व्यक्ति थिए र मानिसहरूलाई भगवान विष्णुको पूजा गर्न दिदैन थिए। यद्यपि राजकुमार प्रहलाद विष्णुको प्रख्यात भक्त थिए र आफ्ना बाबुको खुलमखुल्ला विरोध गरे। यसले अहंकारी हिरण्यकाश्यपलाई रीस उठायो। त्यस बेला राजाले आफ्नी बहिनी होलिकालाई पूर्णिमाको रात राजकुमार जलाउन आदेश दिए।होलिका सँग आगोमा पनि नजल्ने वरदान प्राप्त एउटा वस्त्र थियो । भगवान विष्णुको आशीर्वादमा प्रह्लाद बाच्यो जबकि होलिका जल्यो। जब राजकुमार आगोबाट बाहिर निस्के, मानिसहरूले उनलाई भलाइ र नम्रताको प्रशंसा व्यक्त गर्न रंगीन पानीले छर्किए। दुष्ठमाथि सदाचारको बिजय भएको स्मरण गर्न होली मनाउने चलन रहेको छ । होलीले प्रेम र सदभाव कायम राख्न बिशेष जोड दिने गरेको छ ।
होलीको धेरै महत्वहरु रहेको छ । मूख्यत यो वसन्तको शुरुवातको रुपमा मनाउने गरिन्छ । १७ औं शताब्दीका साहित्यहरुमा होलीलाई कृषी उत्सवको रुपमा पहिचान गरेको पाइन्छ । होलीले जाडोको अन्त्य, वसन्तको आगमन, विच्छेदित सम्बन्धहरुलाई नविकरण गर्ने, द्वन्द्वको अन्त्य गर्ने, आफुलाइ भावनात्मक अशुद्धताबाट छुटाउने र प्रेमपुर्ण सम्बन्धको शुरुवात गर्ने दिनको संकेत गर्दछ । होलीले प्रेम र सदभावको सन्देश प्रबाह गर्ने गर्छ ।
होलीमा परिवार, आफन्त, छिमेकी र इष्ट मित्र हरु भेला हुने , एक अर्काकोमा जाने , खानपिन गर्ने , रंङ्ग अबिर लगाउने र रमाइलो गर्ने चलन छ । ठुलोले सानोलाइ रंङ्ग अबिर लगाएर स्नेह प्रकट गर्दै अशिर्वाद दिने र सानोले ठुलोलाइ रंङ्ग अबिर लगाएर सम्मान प्रकट गर्दै अशिर्वाद लिने गर्छ । होलीमा उच निच , ठुलो सानो , धनी गरिब आदि कुनै किसिमको भेदभाव नराखी सबै जना एकअर्कासँग गला मिल्ने र एकअर्का प्रति सदभाव दर्शाउदै रंङ्ग र अबिर लगाउने गर्छ । यसलाइ सामाजिक सदभाव कायम गर्ने अवसर प्राप्त भएको दिनको रुपमा लिन सक्नु पर्छ ।
तराइमा होलीको बिशेष महत्व रहदै आएको छ । पहिले पहिले तराइमा बिशेष किसिमले होली मनाउने गरिन्थ्यो । समुह बनाएर स्थानिय बाजागाजा सहित होरी गाउदै घर घर मा जाने र होली खेल्ने चलन थियो । होलीमा होरी अर्थात लोकगितको बिशेष महत्व हुन्छ । एक अर्कालाइ ब्यङ्ग गर्ने , जिस्किने, होरी गाउने र राधा कृष्ण को प्रेमको चर्चा गर्दै भजन गाउने आदि होली को मुख्य आकर्षणको रुपमा रहेको थियो र रहनु पनि पर्छ । तर आधुनिकताको विकास संगै बढदो शहरीकरण र घटदो युवा आकर्षण को कारण होरी मनाउने मौलिक चलन लोप हुने खतरामा रहेको छ । अहिले सम्म यो चलन ग्रामिण भेगमा कही कही कायमै रहेको छ । होली मनाउने नया नया विकृत शैली भित्रिने क्रम जारी रहेको छ होली खानपिन सँग पनि जोडिएको पर्व हो । होलिमा नसालु पदार्थ सेवन गर्ने चलन बढ्दो क्रममा रहेको छ ।यसले होलीलाई विकृत बनाउदै लगेको छ।पछिल्लो समयमा यही चलनको नाममा होलीमा अत्याधिक रक्सी , भाङ्ग र गाँजा जस्ता नसालु पदार्थ सेवन गरेर झैझगडा गर्ने, पूरानो रिसवी साधने जस्ता कारणले होलीको मौलिकता नै हराउने खतरा बढदो छ । यसले होलीको परिचय नै फेरिएको छ।
कुनै पनि चाँडपर्वको मौलिकता कायम रहन नसकेमा , त्यो पर्वको महत्व नै लोप हुन सक्ने खतरा रहन्रुछ। होलिमा खानपिन गर्ने हाम्रो परम्परा हो । तर आफु होसमै रहन नसक्ने गरि नशालु पदार्थको सेवन गर्नु हाम्रा कुनै चाँडपर्वले सिकाउदैन । होली मनाउन नशालु पदार्थ सेवन गर्नै पर्दैन । सेवन गर्नै परेमा सरकारले सेवन गर्न छुट दिएको नशालु पदार्थ सिमित मात्रामा सेवन गरेर होली मनाउन उपयूक्त हुन्छ । यसले होलीको आकर्षण र महत्व समेत जोगाइ राख्रुन र होलीलाइ विकृतीको पर्व बन्न बाट जोगाउन मद्दत पुग्नेछ ।अहिले होलीले दिने सन्देश ग्रहण गर्नु र होलीको महत्व बुझ्नु भन्दा होलीलाइ मादक पदार्थ सेवन गर्न छुट पाएको दिन जास्तो लिने गरेको पाइन्छ । जुन कार्य होलीले दिने सन्देश विपरित रहेको छ र बढदो क्रममा रहेको छ । यस्ता क्रियाकलाप हाम्रो धर्म र सँस्कृती विपरित मात्र होइन हाम्रो संस्कारको बरखिलापमा समेत रहेको छ ।
होलीमा रंङ्ग र अबिरको बिशेष प्रयोग हुने गर्छ । होलीलाइ रंङ्ग र अबिरको पर्व समेत भन्ने गरिन्छ । अहिले होलीको रङ्ग र अबिरमा बिभिन्न किसिमको रसायन मिसाउने गरिन्छ । यस्ता रसायनले मानव स्वास्थमा प्रतिकुल असर पार्न सक्छ । तसर्थ होली मनाउदा रङ्ग र अबिरको प्रयोगमा बिशेष ध्यान दिन जरुरी छ । साथै जबरजस्ती होइन की सहज र सौहार्दपुर्ण रुपमा मात्र रङ्ग र अबिर लगाउनु उचित हुन्छ । हामी साना साना केटा केटी हँदा पिचकारीमा रङ्ग भरेर होली खेलेको अझै सम्झिन्छु । त्यती बेलाको होलीको कुरै बेग्लै थियो ।अहिले होलीमा पिचकारी भन्दा लोला, रङ्ग र अबिर भन्दा पेन्ट र लुब्रीकेन्टस को प्रयोग बढनुको साथै गाला मिल्ने नाममा लुगाा च्यातने , टुटेको सम्बन्ध जोडनुको सट्टा प्रतिशोध साध्ने प्रबृती बढेको छ ।
हाम्रो हरेक परम्परा , सँस्कृती र चाँडपर्व मा विकृती र अश्लिलता हाबि हुन थालेको छ । होली पनि विकृत र अश्लिल बन्दै गएको छ । होली उदार हृदयका साथ मनाउने गरिन्छ । यसमा प्रेम, सदभाव, आदर्श, आदर र संस्कार का कुराहरु रहेको छ । अहिले होली मनाउने क्रममा विभिन्न अप्रिय घटनाहरु घटने गरेको पनि सामाचार आउँछ । होलीमा रङ्ग लगाउने र खानपिन लगायतको कार्यमा भए गरेको जबरजस्ती लगायतका विभिन्न विकृती र अश्लिलताले होलीको महत्वमा कमि ल्याउने काम गरेको छ । यसले होलीको उदेश्य र सन्देश लाइ समेत ओझेलमा पार्न खोज्दै छ ।
होली प्रेम र सदभाव को पर्व रहेको र यसलाइ प्रेम र सदभाव कै पर्वको रुपमा कायम राख्नु पर्छ । यसको लागि होली मनाउने नाममा बढदै गएको विकृती र अश्लिलतामा रोक लगाउन सक्नु पर्छ । साथै होली मनाउने हाम्रो बाउ बाजेको विकृती र अश्लिलता रहित संस्कारको विकास गर्न जरुरी छ ।

*lkskeshariaaryan@gmail.com*


## सूचना

सडक हामी सबैको साझा सम्पती हो । सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशी खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । निर्माण भैसकेको सडकका विभिन्न खण्डमा अनाधिकृत रूपमा सडक सिमा अतिक्रमण गरि घर टहरा निर्माण गर्ने, होडिङ बोर्ड राख्ने, सडकमा सामग्री थुपार्ने, सवारी साधन धुने पखाल्ने पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालिमा ढल मिसाउने एवं फोहोरमैला फाल्ने जस्ता कार्यका कारण सडक संरचना, सवारी आवगमन तथा वरिपरिका वातावरणमा समेत प्रतिकुल असर पर्ने जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु, नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन प्रमुख**

**सडक डिभिजन काठमाडौं, मिनभवन, काठमाडौं**



## कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरूरी सूचना

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं ।
१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।

**धनुषाधाम नगरपालिका**

**धनुषा, मधेश प्रदेश**



## कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरूरी सूचना

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं ।
१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।



**औरही गाउँपालिका**

**धनुषा, मधेश प्रदेश**


## मधेश अपडेट

### एमसीसी व्याख्यात्मक घोषणा अनुमोदन एकताको वातावरण बन्यो : प्रचण्ड

कैलाली । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसी व्याख्यात्मक घोषणा अनुमोदनले राष्ट्रिय राजनीतिमा एकताको वातावरण बनेको बताएका छन् । प्रेस सेन्टर कैलालीद्वारा सोमबार धनगढी विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा उनले व्याख्यात्मक घोषणाको वैधानिकताका बारे जनताले बुझ्दै गएपछि एमसिसी ठिकै छ भन्ने परेको बताए । उनले अर्ली ईलेक्सनको सम्भावना नरहेको उल्लेख गर्दै अहिले सत्ता गठबन्धनमा कुनै अप्ठ्यारो छैन, गठबन्धन ठिकै ढङ्गले अघि बढिरहेको बताए । अध्यक्ष प्रचण्डले तीन दलका बिच सुदूरपश्चिम प्रदेशमा मन्त्रिमण्डल हेरफेरका विषयमा छलफल भएको र सरकारमा कांग्रेसको सहभागिता गर्न सहमति भएको बताएका थिए ।

### 'अमेरिकी सेना आउने भ्रम फैलाइयो'

कपिलवस्तु । नेपाल सरकारका गृहमन्त्री बालकृष्ण खाँणले एमसिसि परियोजनाका कारण अमेरिकी सेना नेपाल आउन नसक्ने बताएका छन् । कपिलवस्तुको बाणगंगा नगरपालिका जितपुरमा लागेको १२ औं कपिलवस्तु महोत्सवको समुद्घाटन गर्दै गृहमन्त्री बालकृष्ण खाँणले एमसिसि परियोजनाबाट विद्युत् र सडकको परियोजनाको लागि मात्र रहेकोले सेना आउने प्रसङ्ग नरहेको स्पष्ट पारेका हुन् । अनुदानकै कारण जनमानसमा नेपालमा अमेरिकी सेना आउने भ्रम रहेको भन्दै कुनै पनि देशको सेना आएमा आफू अग्रपङ्क्तिमा बसेर लड्न समेत तयार रहेको मन्त्री खाँणले बताए । महोत्सवमा सम्बोधन गर्दै मन्त्री खाँडले परियोजनाले देशको आर्थिक गतिविधिलाई उजागर गर्ने दाबी गरे । उनले जलस्रोतको धनी मुलुक नेपालमा ठुला र साना गरी ६ हजार नदी भए पनि जलविद्युत पुरा उत्पादन गर्न नसकेको बताए । वर्षायाममा धेरै विद्युत् उत्पादन भई खेर जाने समस्या छ हिउँदमा नपुगेर भारतबाट ल्याउनु पर्ने बाध्यता रहेको जनाए । नेपालमा उत्पादन भएको विद्युत् बाहिर विक्री गर्न सकिएमा व्यापार घाटा कम हुन सक्ने बताए । उनले सरकारले आम नागरिकलाई विद्युतको खपत बढाउन मूल्य घटाउन तयार रहेको बताए ।

### 'पार्टीभित्र उच्चस्तरीय एकता आवश्यक'

नेपालगन्ज । नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले पार्टीभित्र उच्च स्तरीय एकता आवश्यक रहेको बताएका छन् । कांग्रेस बाँके क्षेत्र नम्बर १ ले कोहलपुरमा आयोजना गरेको आमसभामा महामन्त्री थापाले अभूतपूर्व एकताका साथ स्थानीय चुनावमा होमिन पार्टी पङ्गतिलाई आह्वान गरे । कांग्रेसलाई चुनावी तालमेल गर्न आवश्यक नरहेको भन्दै उनले नेता कार्यकर्ताले पनि पार्टी नेतृत्वलाई भरोसा दिलाउन सक्नुपर्ने बताए । महामन्त्री थापाले एमसीसीका बारेमा भ्रम फैलाइएको बताउँदै एमसीसी विशुद्ध अनुदान सहयोग भएको स्पष्ट पारे । उनले एमसीसी राष्ट्रको हितमा रहेकाले कांग्रेस एमसीसीको पक्षमा उभिएको बताए । महामन्त्री थापाले बैशाख ३० गतेको स्थानीय निर्वाचनको मिति एक दिन पनि दायाँबायाँ नहुने बताउँदै निर्वाचनको तयारीमा लाग्न नेता कार्यकर्तालाई निर्देशन दिए ।

### औद्योगिक कोरिडोर घोषणा गर्न आग्रह

वीरगन्ज । वीरगन्जका उद्योगी व्यवसायीहरुले बारा-पर्सामा रहेका औद्योगिक क्षेत्रलाई औद्योगिक कोरिडोर घोषणा गर्न माग गरेका छन् । वीरगन्जमा बिहीबार विभिन्न कार्यक्रम भाग लिन आएका प्रधानमन्त्री शेर बहादुर देउवालाई भेटेर उनीहरुले पर्सा-बारामा रहेका औद्योगिक क्षेत्रलाई औपचारिकरुपमा औद्योगिक कोरिडोर घोषणा गर्न माग गरेका हुन् । उनीहरुले पर्सा बारामा मुलुककै प्रमुख औद्योगिक क्षेत्र सन्चालनमा रहेपनि अहिलेसम्म सरकारले औद्योगिक कोरिडोर घोषणा नगर्दा उद्योगधन्दा फस्टाउन नसकेको गुनासो प्रधानमन्त्रीसँग गरे । प्रधानमन्त्रीसँगको भेटमा उद्योगीहरुले तराई मधेस-काठमाण्डौं द्रुतमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य समयसीमा नै तोकेर सम्पन्न गरिदिन पनि आग्रह गरे । प्रमुख नाकामा रहेको मितेरी पुलको पुर्ननिर्माण र विस्तार गरी सौन्दर्यकरण गरिदिन पनि उनीहरुको आग्रह थियो ।

### प्रदेश १ सरकारले ल्यायो सञ्चार विधेयक

विराटनगर । प्रदेश १ सरकारले सञ्चार माध्यमको विकास, प्रवर्द्धन र नियमनका लागि भन्दै 'प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक' ल्याएको छ । प्रदेश सरकारको यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयले उक्त विधेयक प्रदेशसभा सचिवालयमा दर्ता गराएको हो । प्रदेश १ भित्र सार्वजनिक रुपमा पत्रपत्रिका वितरण गर्न प्रदेश मिडिया काउन्सिलमा दर्ता गर्नुपर्ने र यसअघि दर्ता भएका पत्रपत्रिका अभिलेखीकरण गराउनु पर्ने विधेयकमा व्यवस्था गरिएको छ । विधेयकमा ७ सदस्यीय प्रदेश मिडिया काउन्सिलको व्यवस्था गरिएको छ । सञ्चार क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा ५ सदस्यीय मिडिया काउन्सिल अध्यक्ष सिफारिस समिति गठन गर्ने व्यवस्था गरिएको छ । सिफारिस समितिमा सञ्चार क्षेत्रका विज्ञहरुमध्ये एक महिलासहित मुख्यमन्त्रीले तोकेका दुई जना, सञ्चार क्षेत्र हेर्ने मन्त्रालयका सचिव सदस्य र सञ्चार क्षेत्र हेर्ने महाशाखा प्रमुख सदस्य सचिव रहने विधेयकमा उल्लेख छ । उक्त समितिले सिफारिस गरेका तीन जना उम्मेदवारमध्ये प्रदेश सरकारले एक जना योग्य उम्मेदवारलाई काउन्सिलको अध्यक्षमा नियुक्त गर्ने छ । उक्त समितिले नै सञ्चार क्षेत्रमा १० वर्षदेखि निरन्तर क्रियाशील सञ्चारकर्मीमध्ये काउन्सिलको सदस्य नियुक्तिका लागि तीन जनाको नाम सिफारिस गर्ने व्यवस्था विधेयकमा छ ।

### 'ठग गठबन्धनबाट मधेशलाई मुक्त गर्नुपर्छ'

रौतहट । नेकपा (एमाले)का स्थायी कमिटी सदस्य एवम् पूर्वमन्त्री प्रभु साहले वर्तमान ठग गठबन्धनबाट मधेशलाई मुक्त गर्नुपर्ने बताएका छन् । रौतहटको माधव नारायण नगरपालिका, माधोपुरमा आयोजित नगर अधिवेशनलाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले भ्रष्टाचार र लुटतन्त्रमा लिप्त गठबन्धनको गन्धले राजनीति गन्हाएको बताए । पूर्वमन्त्री साहले गठबन्धन सरकार आएदेखि देशमा अराजकता, बेथिति, महङ्गी र अपराध बढेको जीकिर गर्दै गठबन्धनलाई बिदाई गर्नुपर्ने बताए । गठबन्धनले केन्द्रदेखि स्थानीय तहसम्म एमाले सरकारले अगाडि बढाएका जनमैत्री कार्यहरु रोक्ने काम गरिरहेको उनको आरोप छ । लोकतान्त्रिक प्रक्रियाबाट नभई अदालतको सेटिङबाट जन्मिएको गठबन्धन सरकारले लोकतान्त्रिक मुल्य र मान्यताको खुलेआम हत्या गरिरहेको उनको आरोप छ । आवधिक चुनाव नगर्ने, न्यायाधीशलाई सेटिङ गरेवापत मन्त्री पद दिने, भ्रस्टाचार गर्नेलाई जोगाउन आन्दोलन गर्ने गठबन्धनलाई अविलम्ब बिदाई गर्नुपर्ने उनको भनाई छ । "तपाईहरु हेर्न सक्नुहुन्छ अहिले देशमा पाँच दलीय सरकारले खुलेआम लोकतन्त्रको हत्या गरिरहेको छ । दुनियाँमा लोकतन्त्र मान्ने देशमा जनताले प्रतिनिधिमार्फत सरकार बनाउछ । तर हाम्रो देशमा जनविरोधी तत्वहरु सम्मीलित गठबन्धनलाई अदालतको सेटिङमा सरकार बनाइएको छ । सरकार बनाए वापत न्यायाधीशलाई मन्त्री पद दिइरहेका छन् । अदालतले सघाएसम्म ठिक पछि महाअभियोग लगाउने काम पनि यही गठबन्धनले गरिरहेको छ ।" पूर्वमन्त्री साहले भने, "जहिलेदेखि गठबन्धन सरकार आएको छ देशमा लोकतान्त्रिक मान्यताको हत्या भएको छ, गठबन्धन नाङ्गै नाच नाचिरहेको छ ।" "तपाईहरुले भर्खरै देख्नुभयो गठबन्धनका एउटा ठग फोरमको एकजना मेयर रंगेहात घुस लिइरहेको अवस्थामा समातियो । तर गठबन्धनले भ्रस्टाचारीलाई नछोडे आन्दोलन गर्ने धम्की दिरहेको छ । यस्तो त आचरण छ गठबन्धनको यसबाट के अपेक्षा गर्ने ?" नेता साहले थपे, "गठबन्धन आएदेखि भ्रष्टाचार बढेको छ, अपराध बढेको छ, लुटआतंक बढेको छ । यस ठग गठबन्धनबाट मधेशलाई मुक्त गर्नुपर्छ, देशलाई मुक्त गर्नुपर्छ ।" कार्यक्रममा एमाले केन्द्रीय सदस्य रौतहट ईन्चार्ज उपेन्द्र साह, सह-ईन्चार्ज उद्धव रेग्मी, केन्द्रीय लेखा आयोग सदस्य राजकिशोर यादव, जिल्ला अध्यक्ष त्रिभुवन साह लगायतका नेताहरुको सहभागिता रहेको छ ।

### 'ठूला राजनीतिक दलहरूको द्वैध चरित्र'

कैलाली । नेपाल परिवार दल सुदूरपश्चिम प्रदेशबाट स्थानीय तहको निर्वाचनलाई केन्द्रीत गरेर चुनाबी अभियान शुरु गरेको छ । परिवार दलले भिमदत्त नगरपालिकाको महेन्द्रनगरमा शनिबार आयोजना गरेको कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रममा दलका अध्यक्ष एकनाथ ढकालले आगामी हुन गईरहेको आसन्न स्थानीय निर्वाचनका लागि तयार रहन नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन् । पुर्वमन्त्री समेत रहेका अध्यक्ष ढकालले पुराना राजनीतिक दलहरुको द्वैध चरित्रका कारण मुलुकमा अन्योलता छाएको बताउँदै अब जनताहरुले बिकल्पको खोजी गर्नुपर्ने बताए । कैलाली र कन्चनपुरका सयौ अगुवा कार्यकर्ताहरुको सहभागिता रहेका प्रशिक्षण कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले सत्ता र सरकार परिवर्तन भएपनि आजसम्म राजनीतिक संस्कार परिवर्तन हुन नसकेकोमा दु:ख पोख्दै नेपाली जनताले धेरै पीडा पाएको जसले गर्दा नागरिकले गाँस, बास कपास जस्ता न्युनतम आधारभुत आवश्यकता पनि पुरा हुन नसकेको बताए । उनले भने कथित ठुला भनिने नेपालको राजनैतिक दलले अब भने नैतिकताको आधारमा पनि नेपाली जनताको अगाडि भोट माग्न नमिल्ने बताए ।

### डुबान तथा बाढी व्यवस्थापन संयुक्त समितिको बैठक

काठमाडौं । नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन संयुक्त समितिको १४ औं बैठक सम्पन्न भएको छ । फाल्गुण २५ देखि २९ गतेसम्म बैठकमा बसेको हो । भारतको तर्फबाट गंगा बाढी नियन्त्रण आयोगका योजना सदस्य शेर सिंह र नेपालको तर्फबाट जलस्रोत तथा सिँचाई विभागका महानिर्देशक सुशील चन्द्र आचार्यको सह-अध्यक्षतामा उक्त बैठकमा फाल्गुण ३० गते दुवै पक्षले बैठकको माइन्युटमा हस्ताक्षर गरे । संयुक्त समितिले भारत-नेपाल सीमाका विभिन्न स्थानहरुको पनि स्थलगत भ्रमण गरेको छ । सीमा क्षेत्रमा बाढी, कटान तथा डुबान व्यवस्थापन गर्नु समितिको कार्यक्षेत्र भित्र पर्दछ । समितिले सीमा क्षेत्रमा पर्ने नदीहरुको व्यवस्थापनका लागि प्रस्ताव गरिएका नवोदित कार्यस्थलको पनि भ्रमण गरेको हो ।

# जसपाको स्थानीय तह निर्वाचन निर्देशिका

**प्रस्तावना :**
सबैखाले उत्पीडन, असमानता र विभेदको अन्त्य गर्दै नयाँ युगको आवश्यकतालाइ सम्बोधन गर्ने अग्रगामी लोकतान्त्रिक शक्ति जसपा, नेपाल रहेको तथ्यलाई पुनर्पुष्टि गर्दै, आवधिक निर्वाचन लोकतन्त्रको सबैभन्दा अपरिहार्य विषयबस्तु भएकाले आवधिक निर्वाचनद्वारा नै जनअभिमत व्यक्त हुन्छ भन्ने कुरालाइ हृदयंगम गर्दै,
राजनीतिक कार्यकर्ता र अभियन्ता सबैले आफनो सामर्थ्य, दक्षता र सीपलाई निर्वाचनका माध्यमबाट प्रष्फूटन गर्दै राज्य सञ्चालनका विभिन्न तहहरुमा जिम्मेवारी लिंदै सुशासनको प्रत्याभूति दिने आवश्यकतालाई बोध गर्दै,
२०७९ साल बैशाख ३० गते हुने स्थानीय निवाचन २०७८ लाइ जनसेवा सुनिश्चित र सुशासन प्रत्याभूत गर्ने माध्यमका रुपमा लिंदै देशका सबै प्रदेशभित्रका गाउँ, नगर र वडा तहसम्मका निर्वाचनमा सक्रिय सहभागिता जनाइ अधिकतम विजय हासिल गर्ने प्रण गर्दै, उम्मेदवारहरुका मापदण्ड, चयन प्रक्रिया र प्रचार प्रसारको प्रभावकारीता लगायतका विषयमा नीति निर्धारण गर्न यो निर्देशिका जारी गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**
१.१) यो निर्देशिकाको नाम स्थानीय तह निर्वाचन निर्देशिका–२०७८ रहनेछ ।
१.२) यो निर्देशिका केन्द्रीय समितिको बैठकले पारित गरेको दिनदेखि लागु हुनेछ ।

**२) परिभाषा :**
क) 'समिति' भन्नाले जनता समाजवादी पार्टी, नेपालको विभिन्न तहको समितिलाइ जनाउनेछ । ख) 'नगर' भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समेतलाइ जनाउनेछ ।
ग) 'प्रारम्भिक तह' भन्नाले जसपा, नेपालको वडा समितिलाइ जनाउनेछ । सिफारिस प्रयोजनका लागि गाउँ, नगरपालिकालाई समेत प्रारम्भिक तहको रुपमा जनाउनेछ ।
घ) 'सदस्य' भन्नाले जसपा, नेपालका सबै तहका पदाधिकारी एवम सदस्यहरु समेतलाइ जनाउनेछ ।

**३) उम्मेदवारी चयनको मापदण्ड :**
३.१) सक्रियता,लोकप्रीयता, दक्षता र निरन्तरता उम्मेदवारी चयनको मूल मापदण्ड हुनेछ ।
३.२) गाउँ, नगर र वडाको बस्तुस्थितिको पूरा अध्ययन र विश्लेषणद्वारा उम्मेदवारीको निर्क्योल गरिनेछ ।

**४) उम्मेदवारको योग्यता सम्बन्धी मापदण्ड :** उम्मेदवारको योग्यता सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ ।
४.१) पार्टीको सिद्धान्त, नीति, उद्देश्य, कार्यक्रम र पार्टीको एकत्वलाई आत्मसात गर्ने ।
४.२)पार्टी समितीमा संगठित/सकृय रहने ।
४.३)सामाजिक काममा समर्पित हुन सक्ने,
४.४) स्वच्छ सामाजिक छवी भएको,
४.५) विजय हासिल गन सक्ने,
४.६)सम्बन्धीत गाउँ, नगर र वडाका बस्तुस्थिति बुझ्केको,
४.७) सुशासन प्रत्याभूति गर्न सक्ने,

**५) उम्मेदवार छनौटका तरिका:**
उम्मेदवार छनौटको तरिका देहाय बमोजिम हुनेछ ।
५.१) जुन पदमा उम्मेदवारी दिने हो, सो तहको पार्टी समितिले संभाब्य ३ जना सम्मको सिफारिस गरिएका नाममा सम्बन्धित आफ्नो समितिमा छलफल गरी निर्णय गर्नु पर्नेछ र त्यसरी छलफल गर्दा निष्कर्ष ननिस्कीएमा एक तह माथिल्लो समितिमा निर्णयार्थ पठाउनु पर्ने छ ।
५.२) त्यसरी पठाइएका सिफारिस उपर माथिल्लो समितिले सम्बन्धित स्तरको गाउँ, नगर र वडाको बस्तुस्थिति, उम्मेदवारको अवस्था, पार्टीको अवस्था र अन्य प्रतिष्पर्धी दलको अवस्थाको मूल्याङकन गरी उम्मेदवारको छनौट गर्नु पर्ने छ ।
५.३)गाउँ पालिकाको अध्यक्ष/उपाध्यक्ष नगर र उप महानगरका प्रमुख/उपप्रमुख पदको उमेदवारीको सोही स्तरमा छलफल गर्दा हल नभएमा जिल्ला समन्वय समितिमा पठाउनुपर्ने छ । त्यहाँ पनि हल नभएमा प्रदेश कार्यकारीणी समितीले हल गर्नेछ ।त्यस्तो प्रदेश कार्यकारीणी समिती बैठकमा राष्ट्रिय समितीका अध्यक्ष समेत रहनेछन् ।
महानगरपालिकाको उमेदवारको छनौट केन्द्रीय कार्यकारीणी समिती/पदाधिकारी बाटै हुनेछ ।
५.४) वडा अध्यक्ष र सदस्यहरुको उमेदवारी प्रारम्भिक समिती, सम्बन्धित गाउँ,नगरपालिकामा नटुङ्गीएमा जिल्ला समन्वय समितीले टुङ्गो लगाउनेछ ।
५.५) उपदफा ५(३) को प्रकृया अनुसार उपमहानगरपालिकाको प्रमुख/उपप्रमुख, पदको उमेद्वारी छनौटको प्रश्न अति जटिल बनि प्रदेशमा हल हुन नसकी पठाईएको सिफारिस उपर अन्तिम निर्क्योल गर्ने अधिकार केन्द्रीय कार्यकारीणी समिती/पदाधिकारीलाई हुनेछ ।पदाधिकारी तहबाट निर्क्योल गर्दा सम्बन्धित प्रदेशका केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरु संग समन्वय गर्नु पर्नेछ ।
५.६) बाँकी पदको उम्मेदवारको छनौट गर्नु अघि गाउँ, नगर पालिकाका अध्यक्ष/प्रमुखको उम्मेदवार र उक्त गाउँ, नगरपालिका समावेश भएको प्रतिनिधिसभा,प्रदेशसभा र स्थानिय तहमा जितेका वा गत निर्वाचनका पार्टीका उम्मेदवार भएकाहरुसँग समन्वय गर्नु पर्ने छ ।
५.७) उम्मेदवार छनौट गर्न विभिन्न तहका पार्टी समितिहरुले आवश्यकता अनुसार समिति/कार्यदल गठन गर्न सक्नेछन ।
५.८) उम्मेदवार छनौट समिति यथासम्भव समावेशी प्रकृतिको वनाईनेछ ।

**६) निर्वाचन प्रभावकारी बनाउन ध्यान दिने विषयहरु :** स्थानीय तहको निर्वाचनलाइ प्रभावकारी बनाउन निम्नलिखित विषयहरुमा ध्यान दिइनेछ ।
६.१) निर्वाचन केन्द्रित वडा, गाउँ र नगर स्तरिय पार्टीको भेला छिटोभन्दा छिटो गर्ने ।
६.२) वडा, गाउ र नगर स्तरीय निर्वाचन प्रचार प्रसार कार्यालयहरु खोल्ने,६.३) प्रचार सामाग्री (झण्डा, चुनाव चिन्ह, ब्यानर र ब्याजहरु ब्यापक मात्रामा सिलाउने, छाप्ने र बनाउने)
६.४) प्रचार माध्यम व्यवस्थित पार्ने ।
६.५)जिल्ला समन्वय समितिको आयोजनामा गाउँ र नगरपालिका स्तरीय निर्वाचन सम्बन्धि प्रशिक्षण दिने,
६.६) उपमहानगर र महानगर स्तरको निर्वाचन सम्बन्धि प्रशिक्षण प्रदेशले आयोजना गर्ने र आवश्यकता अनुसार अतिथीहरु आमन्त्रित गर्ने ।
६.७) सम्बन्धीत तहको मतदाता नामावली फोटोकपी गरी सम्बन्धीत समितिहरु अग्रिम रुपमा सुसूचीत हुने र मतदाताहरु पहिचान गरी राख्ने,
६.८) निर्वाचन प्रचार सामाग्रीहरुको छपाइ र प्रकाशन एकरुपता र एकरुप नमूनामा हुनु पर्ने,
६.९) निर्वाचन चिन्ह ढल्केको छाताको प्रचार सामाजिक सञ्जालद्वारा अत्यधिक मात्रामा गर्ने साथै त्यसका लागि स्टीकर निर्माण गर्ने,कागज वा कपडामा छपाइसमेत गर्ने,
६.१०) निर्वाचन परिचालन, प्रचार र विभिन्न विषयसंग सम्बन्धित समितीहरु आवश्यकता अनुसार सबै तहमा गठन र परिचालन गर्ने,
६११) निर्वाचनमा सबै कार्यकारिणी, केन्द्रीय समिति, केन्द्रीय निकाय, संघीय परिषद सदस्यहरु र प्रदेश समिति, पहिचानमा आधारित राष्ट्रिय समिति, गैर भौगोलिक विशेष समिति, प्रवास समिति र सबै तहका जबस/भ्रातृ संगठनका सदस्यहरु मतदाता नामावलीमा आफनो नाम रहेको जिल्ला/गाउँ, नगरपालिकाहरुमा अनिवार्य रुपले खटनु पर्नेछ ।
६.१२) पार्टी मुख्यालय वा कार्यकारिणी समितिको निर्णयले बक्ता/प्रशिक्षक/उत्प्रेरकका रुपमा कुनै पनि तहको सदस्यलाई कुनै पनि गाउँ, नगरपालिकाहरुमा पठाउन सकिनेछ ।त्यसरी खटिएका व्यक्तिहरुले पठाईएका समितीहरुमा समन्वय र सहयोगात्मक हिसावले काम गर्नेछन् ।
६.१३) गाउँ, नगर र वडा तहको समितिका सदस्यहरुले विभिन्न किसिमले खटन पटन भइ आएका माथिल्लो समितिका सदस्यहरुलाई आवश्यकता अनुसार निर्वाचन सम्बन्धी विभिन्न कार्यक्रमहरुमा सरिक गराउनेछन ।
५.१४) निर्वाचन खटन पटन भएका जिल्ला, गाउँ, नगरबाट कुनै विशेष कारणले कुनै सदस्य निष्कन परेमा सम्बन्धीत गाउँ, नगर समितिका पार्टी अध्यक्ष वा सचिव मार्फत सम्बन्धीत जिल्ला समन्वय समितिलाइ सूचीत गर्नु पर्नेछ । उक्त जानकारी आफु जून समितिबाट गएको हो उक्त समितिलाई समेत दिनु पर्नेछ ।
६.१५) कुनै विशेष कारणले कुनै सदस्य लामो समय काठमाडौं उपत्यकामा नै रहनु परेमा गैरभौगोलिक विशेष प्रदेशसँग समन्वय गरी उपत्यकाको कुनै नगर क्षेत्रमा खटनु पर्नेछ ।

**७) निर्वाचन आयोगसँग समन्वय :**
७.१) सबै तहका निर्वाचन परिचालन समितिहरुले आ-आफनो तहका निर्वाचन आयोग र त्यसमा खटिएका कर्मचारीहरुसँग समन्वय गर्ने,
७.२) मनोनयन पत्रको निकासा, मनोनयन फारम प्राप्ती,उमेदवार, प्रस्तावक र समर्थकहरुको नागरिकता संकलन तथामतदान स्थलको निरीक्षण अग्रिम रुपमा गरी निर्वाचन परिचालन समिति तयार अवस्थामा रहने,**८)घोषणा पत्र :**
८.१) जसपा, नेपालको स्थानीय तहको निर्वाचन २०७९ को एउटा निर्वाचन घोषणा पत्र जारी गरिनेछ ।
८.२, त्यस्तो घोषणा पत्रको मूलस्पीरिटसँग मिल्ने गरी आ-आफनो विशिष्टता अनुरुप गाउँ, नगरहरुले आआफनो सापेक्षतामा छुट्टै घोषणापत्र पनि जारी गर्न सक्नेछन ।

**९) तालमेलको स्थितिमा लिइन निर्णय :**
१०.१) केन्द्रवाट तालमेल भएको अवस्थामा बाहेक प्रतिष्पर्धि कुनै एक वा एकभन्दा बढी दलसँग निर्वाचन तालमेलको सम्भावना देखा परेमा सबैभन्दा पहिले जसपा, नेपाल र सम्बन्धीत तालमेलको सम्भावना भएको पार्टी वा पार्टीहरुको सोही स्तरका कमिटिसँग वाता समिति बनाइ छलफल गर्ने,
१०.२) तालमेल र सीट वाँडफाँटका टुङ्गो एक तह माथिल्लो समितिद्वारा गर्ने,
१०.३) तालमेलमा जटिलता वा अत्यधिक द्विविधा उत्पन्न भएमा जिल्ला समन्वय समिति मार्फत प्रदेश समिति/कार्यदलमा निर्णयाथ पठाउने, महानगरका उम्मेदवारको हकमा केन्द्रीय कार्यकारिणी समितिले निर्णय गर्ने।

**१०) सुरक्षा व्यवस्था:**
१०.१) मतदाता, मतदानस्थल र मत पेटीकाको सुरक्षाको लागि पार्टीले आफनो तर्फबाट सम्बन्धीत तहहरुमा स्वयमसेवक परीचालन गर्ने,
१०.२) निर्वाचन र मतदान प्रतिनिधिहरु यथासमयमा तोक्ने,
१०.३) मतसंकेत स्थल र स्वस्तीक चिन्हको समय समयमा प्रतिनिधिद्वारा निरीक्षण गर्ने,
१०.४) निर्वाचनमा दखल पार्न सक्ने अवान्छित र उछृङखल तत्वहरु पहिचान गरी उनीहरुविरुद्ध कानूनी कारवाही बढाउने,

*स्थानीय तह निर्वाचन निर्देशिका मस्यौदा कार्यदल सदस्यहरु (नवराज सुवेदी, हिसिला यमी, मनिष सुमन)*

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिनारायण महतो**
**नगरप्रमुख**
**मिथिला नगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**रामउदगार यादव**
**नगरप्रमुख**
**कमला नगरपालिका, धनुषा, मधेश प्रदेश**

## संक्षिप्त समाचार

### वीरगन्जका मेयर सरावगी एमाले प्रवेश

वीरगन्ज । वीरगन्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगी नेकपा (एमाले)मा प्रवेश गरेका छन् । एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मेयर सरावगीलाई एक कार्यक्रमका बीच पार्टी प्रवेश गराएका हुन् । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्यसमेत रहेका मेयर सरावगीले मेयर सरावगीले ११ जना वडाध्यक्ष र दुई जना महानगरपालिकाका बोर्ड सदस्यसहित एमाले प्रवेश गरेका छन् । सरावगी तत्कालीन संघीय समाजवादी फोरम नेपालका तर्फबाट वीरगञ्जको प्रमुखमा विजयी भएका थिए ।

### वीरगन्जमा बर्डफ्लू

वीरगन्ज । वीरगन्जमा कुखुराहरुमा बर्डफ्लू संक्रमण देखा परेको छ । वीरगन्ज महानगरपालिका-१५ भेडियाहीस्थित सागीर अन्सारीले संचालन गरेको पर्सा कुखुरा फर्मका ब्रोइलर कुखुराहरुमा बर्डफ्लू देखिएको हो । बर्डफ्लू संक्रमणबाट उक्त कुखुरा फर्ममा रहेका १ हजार ९ सय वठा कुखुरा मरेका छन् । फर्ममा रहेका कुखुराहरु बर्डफ्लू संक्रमणले मर्न थालेपछि बाँकी रहेका जीउदो कुखुरा र पंक्षीजन्य वस्तुहरु प्रहरीको रोहबारमा शुक्रबार नष्ट गरिएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायव उपरिक्षक ओम प्रकाश खनालले जानकारी दिए । बर्डफ्लू संक्रमण भेटिएको उक्त कुखुरा फर्मलाइ सिल पनि गरिएको छ ।

### नोबेल कलेजले अतिरिक्त शुल्क नलिने

**विराटनगर ।** नोबेल मेडिकल कलेज विराटनगरले एमबीबीएसका विद्यार्थीहरूबाट अतिरिक्त शुल्क नलिएर अध्यापन गराउने भएको छ । कलेजमा आन्दोलनरत विद्यार्थीहरूको विषयमा चिकित्सा शिक्षा आयोग, विश्वविद्यालय र मेडिकल कलेजबीच फागुन २७ गते भएको बैठकमा कलेजले अतिरिक्त शुल्क नलिने सम्झौता भएको हो । योसँगै कलेजसँग भएका सात बुँदे सम्झौता आयोगले मंगलबार सार्वजनिक गरेको छ ।

### करेन्ट लागेर युवकको मृत्यु

रुपन्देही । तिलोत्तमा नगरपालिका-१२ बस्ने २८ वर्षीय भोला कुमालको करेन्ट लागेर मृत्यु भएको छ । सिद्धार्थनगर नगरपालिका-४ बुद्धकलोनीस्थित सार्वजनिक नालामा करेन्ट लगाई माछा मार्ने क्रममा आइतबार साँझ करेन्ट लागेर गम्भीर घाइते भएका थिए । उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### आगलागीबाट १० लाखको क्षति

रौतहट । ईशनाथ नगरपालिका-५ लक्ष्मीनिया टोल बस्ने ५० वर्षीय तेजा हुसेन खानको घरमा लामखुट्टे धपाउनको लागि बालेको आगोबाट आइतबार राति आगलागी भएको छ । सो आगलागीमा २ थान साइकल, फर्निचरको सामान, सोही घरमा रहेको किराना पसलको सामान, अन्नपात लत्ताकपडा लगायतको सामान पूर्णरुपमा जलेर करिब १० लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

रुपन्देही । कञ्चन गाउँपालिका-३ लखनचोक बस्ने ४३ वर्षीय कृष्ण भण्डारी र सोही ठाउँ बस्ने ३३ वर्षीय वीर बहादुर श्रीसलाई लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । करिब २ ग्राम ८७ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थसहित सोमबार बिहान प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय रुद्रपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### करेन्ट लागेर मृत्यु

बाँके । राप्तीसोनारी गाउँपालिका-२ माथेबास बस्ने १९ वर्षीय राजु कुमालको करेन्ट लागेर मृत्यु भएको छ । शुक्रबार दिउँसो सोही गाउँपालिका-२ खैरीखोलास्थित बाँके राष्ट्रिय निकुञ्ज बन्यजन्तु उद्धार खैरीको निर्माणाधिन बाघको खोर कम्पाउण्डमा मोटरबाट पानी तान्ने क्रममा करेन्ट लागेर उनको मृत्यु भएको हो ।

### कुखुराको चल्ला नष्ट

कपिलवस्तु । जिल्लाको कृष्णानगर नगरपालिका वडा नं १२ नरैनापुर नजिक भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरेको अवैध बोईलर कुखुराको चल्ला नष्ट गरिएको छ । विशेष सूराकीको आधारमा विओपि कृष्णानगरका सशस्त्र प्रहरी निरीक्षक प्रकाश आचार्यको कमाण्डमा खटिएको ७ जनाको टोली तथा विओपि विजय नगरबाट सशस्त्र प्रहरी निरीक्षक कृष्ण केसीको कमाण्डमा खटिएको सात जनाको संयुक्त टोलीले मङ्गलवार राति टोलीले अवैध बोईलर कुखुराको चल्ला बरामद गरेको हो । बरामद गरिएका १ हजार५ सय वटा अवैध ब्रोइलर कुखुराको चल्ला अन्दाजी मूल्य १ लाख २० हजार पर्ने सशस्त्र प्रहरीको संयुक्त टोलीले बरामद गरेको हो । बरामद गरिएको चल्ला विओपि कृष्णनगरको प्राङ्गणमा पत्रकार, पशु क्वारेन्टाईनका प्रतिनिधि, स्थानीय भद्र भलादमीको रोहबरमा स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ को दफा ८ र ९ अनुसार खाल्डो खनी नष्ट गरिएको बोर्डर आउट पोष्ट कृष्णनगरले जनाएको छ ।

### ब्राउनसुगरसहित युवक पक्राउ

रूपन्देही । बुटवल उपमहानगरपालिका-१९ पत्थरगंज बस्ने ३२ वर्षीय खिम क्षेत्रीलाई ब्राउनसुगरसहित प्रहरीले पक्राउ गरेको छ । उनलाई करिब ३ ग्राम ७ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित बुधबार राति प्रहरीले पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### ९ केजी गाँजासहित एक जना पक्राउ

धनुषा । शहिदनगर नगरपालिका-३ यदुकुवाबाट करिब ९ केजी अवैध लागूऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । सबैला नगरपालिका-१३ किरतपुर बस्ने ३२ वर्षीय संतोष कुमार यादवलाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्र.२-०२-००४ प ११४७ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय यदुकुवाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकल चालक यादवलाई उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

### टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

कपिलवस्तु । विजयनगर गाउँपालिका-६ खडैचामा ना.१ ख ७४५३ नम्बरको टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । लु.५४ प ९०८८ नम्बरको मोटरसाइकललाई बिहीबार बिहान टिपरले ठक्कर दिँदा मोटरसाइकल चालक सोही गाउँपालिका-७ मानपुर बस्ने ४५ वर्षीय लालमोहन केवटको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको शिवराज अस्पताल बहादुरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### पिकअपको ठक्करबाट दुईको मृत्यु

रौतहट । वृन्दावन नगरपालिका-६ ठुलो हर्षाहामा बा.१७ च ६१६३ नम्बरको पिक-अप गाडीको ठक्करबाट ना.४३ प ७३२७ नम्बरको मोटरसाइकलमा सवार २ जनाको बुधबार राति मृत्यु भएको छ । मृत्यु हुनेहरूमा वृन्दावन नगरपालिका-६ हर्षाहा बस्ने २७ वर्षीय हरि कुमार ठाकुर र ३७ वर्षीय जितेन्द्र प्रसाद पटेल रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका हरि कुमारको हर्षाहास्थित अमन हस्पिटलमा उपचारको क्रममा र जितेन्द्र प्रसादको सोही हस्पिटल हुँदै थप उपचारको लागि भरतपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । चपुरबाट गरुडातर्फ जाँदै गरेको उक्त पिअपले सडक छेउको पान पसलमा र पसल अगाडि पार्किङ गरेको उक्त मोटरसाइकललाई ठक्कर दिएको थियो । पिकअप गाडीका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।



# मधेशी कोटामा जागिर खाने तर मधेशमा काम गर्न नचाहने !



ई.कौशल गोपालवंशी

मधेशको विगतको इतिहास हेर्ने हो भने आफूलाई स्व:घोषित मधेशी बिद्वानले मधेशीको नाममा व्यक्तिगत फाइदा लिनेभन्दा बढी केही पनि गरेको देखिदैन । हो म कुरा गर्न खोज्दै छु, आफुलाई तथाकथित विद्वान भनिने मधेशी कोटाबाट सरकारी जागिरमा छिरेका मधेशी कर्मचारीहरुको । यिनीहरु मधेश/मधेशीको आडमा आफ्ना व्यक्तिगत स्वार्थ पूरा गर्दै गरेको देखिन्छ । विगत केही दिनदेखि "मधेश प्रदेश" को सरकारले कर्मचारीको कमीले बजेट खर्च नभएको गुनासो गर्दै गरेको देखिन्छ ।

पटक-पटक मधेश सरकारले कर्मचारीको अभावको कारण बजेट खर्च गर्न नसकेको कुरा विभिन्न मिडियामार्फत सुन्ने गरेको देखिन्छ । तर यसको समाधान अहिलेसम्म हुनसकेको छैन । प्रत्येक वर्ष २२% मधेशी आरक्षण कोटाबाट सरकारी तथा गैरसरकारीमा जागिरका लागि प्रवेश गर्दै गरेको देखिन्छ । तर मधेशमा भने कर्मचारीको सधै अभाव नै हुने गरेको देखिन्छ । अन्य सेवाभन्दा निजामती सेवामा कर्मचारीको अभाव मधेशमा छ । प्रत्येक वर्ष श्रेणी विहीनदेखि सहसचिवसम्म खुला तथा आन्तरिक प्रतिस्पर्धाबाट २२% आरक्षणको हिसाबले जम्मा रिक्त दरबन्दीको ९.९% कर्मचारी भर्ती हुने गर्छ । तर मधेशीमा कर्मचारीको समस्या जहाँको त्यहीं नै छ । आखिर यस्तो किन त ?

यसरी मधेशमा कर्मचारीको समस्या हुनुको धेरै कारणहरु छन् । यहाँ मधेशी कोटाबाट जागिर खाएको कर्मचारीहरुले मधेशमा जागिर नगरेको देखिन्छ । मधेश कोटाबाट जागिर खाने तर मधेशमा काम गर्न नखोज्नेहरु माथि हाम्रो समाजको ध्यानाकर्षण कहिले हुने त ? मधेश/मधेशी कोटाबाट जागिर खाएको कर्मचारीहरुको मधेशप्रतिको धारण र मधेशलाई हेर्ने नियती नै खराब छ । कोटाबाट जागिर खाने तर मधेशलाई घृणाको दृश्यले हेर्ने, यिनीहरुको कारणले मधेश दिन प्रतिदिन कमजोर र पछाडि पर्दै गरेको देखिन्छ ।

आखिर किन प्राय: जसो मधेशी कोटाबाट जागिरमा प्रवेश गरेकाहरु मधेशमा काम गर्न खोज्दैन त ? यसको प्रमुख कारण भनेको आरक्षणको सुविधा लक्षित वर्गले लिन नसकेर नै हो ।

माध्यमिकसम्मको शिक्षामा राम्रोसँग पढ्ने अवसर नपाएको बिद्यार्थीहरुका लागि दिइएको आरक्षणमा नर्सरीदेखि स्नातकोत्तरसम्मको शिक्षा भौतिक सुखसुविधा तथा ठूला-ठूला लगानीकर्ताको लगानीमा बनेका निजि विद्यालयमा पठन-पाठन गरेका वर्गले जागिर खाएको देख्न पाइन्छ । यी वर्गका व्यक्तिहरुलाई आफू मधेशी हो भन्ने भावना अलिकति पनि होइन । यी वर्गका व्यक्तिहरुले अवसर लिने बेलामा मात्र मधेशी बन्छ त्यो पनि नेपाल सरकारको परीक्षा र अन्तर्वार्तामा मात्र मधेशी बन्छ फेरि परीक्षा बाहिर आउँदा यिनीहरु गैरमधेशी बन्छ । यस्ता वर्गका मान्छेहरुले त कतिसम्म गर्छन् भन्दा आफ्नो नाममा भएको मधेशी पहिचान भएको शब्द पनि हटाउने गरेको देख्न पाइन्छ । यस्ता वर्गका मान्छेहरु प्राय: गैरभौगोलिक मधेश हुन् ।

यिनीहरुले आफ्नो नाममा परिवर्तन गर्न सकेन तर आफ्नो सन्तानको नामको पछाडिको टाइटल चाहिँ परिवर्तन गर्छन् । जातिवादको विरोधमा यस्तो गर्ने भए आफ्नो टाइटल हटाएर पहाडको जातिसँग मेलखाने टाइटल किन राखेको त ? योबाट प्रष्ट हुन्छ कि यिनीहरू जातिवादी विरोधी होइन यिनीहरु त आफूलाई मधेशी भएकोमा लज्जित भएको मान्दछ । मधेशीभन्दा लज्जित हुने अनि मधेशी कोटामा अवसर पाउन अगाडि आउने ?

यसरी मधेशी कोटाबाट फाइदा मात्र लिने तर मधेशमा काम गर्न चाहदैनन् । किनकि यिनीहरुको पृष्ठभूमि नै मधेश विरोधी हुन केवल सुविधाको नाममा मधेशी बन्ने तर मधेशको विकास कहिले योगदान दिन नखोज्ने । कारण यहि मधेशी राष्ट्रको प्रमुख निकायहरुमा पुगे पनि मधेश जस्ताको त्यस्तै छ । मैले आफै कतिपय कर्मचारीहरुलाई मधेशी कोटाको आडमा प्रथम श्रेणीको कर्मचारीसम्म बनेकाहरुको एक वर्ष पनि मधेशमा कार्य गरेको अनुभव नरहेको देखेको छु ।

बिहान बेलुका खेतमा काम गरेर अलिकति रातिमा समय निकालेर पढ्ने ती दुर्गम र गरिबहरुका लागि छुट्याइएको कोटामा यसरी भौतिक सुख-सुविधा सम्पन्न व्यक्तिले अवसर पाएको देख्दा मधेशलाई पछाडि पार्न यिनै आफूलाई गैरमधेशी ठान्ने व्यक्तिवादी हावी भएको छ । आफूलाई गैर ठान्नुमा हाम्रो कुनै आपत्ति छैन तर अरुको अवसर खोस्नु त ठूलो नैतिक बेइमानी हो जस्तो लाग्दछ ।

नेपाल सरकारले मधेशी आरक्षणमा जागिर खानेलाई मधेशमा कम्तीमा १० वर्ष काम गर्नु पर्ने अनिवार्य गर्नु पर्छ किन मधेशी कोटा भनेको मधेशको विकासका लागि हो कुनै पनि व्यक्तिको व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि होइन । यो कोटाको पूर्ण उपयोग मधेशमा नै हुनुपर्छ भन्ने मेरो बुझाई रहेको छ ।

## चिनियाँ अतिक्रमण रोक्न माग गर्दै युरोपियन युनियनमा ज्ञापन



काठमाडौं । राष्ट्रिय एकता अभियानले चीनले नेपालको भूमिमा अतिक्रमण गरेको भन्दै युरोपियन युनियनलाई ज्ञापनपत्र बुझाएको छ । अभियानका अध्यक्ष विनय यादवले शुक्रबार काठमाडौंस्थित युरोपियन युनियनको कार्यालयमा पुगेर नेपालका लागि युरोपियन डेलिगेसनका सह-प्रमुख स्टेफन मैकानलाई उक्त ज्ञापनपत्र बुझाएका हुन् ।

नेपालमा चिनियाँ अतिक्रमण भएको भन्दै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन उक्त ज्ञापनपत्र बुझाएको बताइएको छ । ज्ञापनपत्रमा भनिएको छ, एकता अभियानले नेपालको चिनियाँ अतिक्रमणविरुद्ध लगातार लोकतान्त्रिक र कानुनी तवरमा विभिन्न अभियान सञ्चालन गर्दै आएको छ । अभियानले चीनसँगको नेपालको समस्या समाधानका लागि अन्तर्राष्ट्रिय समुदायलाई भूमिका खेलिदिन आग्रह गर्दैछौं ।'

ज्ञापनपत्रमा चीन अतिक्रमित भूमिबाट फिर्ता जानुपर्ने, अन्तर्राष्ट्रिय समुदायको निगरानीमा नेपाल र चीन सरकारले संयुक्त सीमा निरीक्षण गर्नुपर्ने र सबै सीमास्तम्भहरुको जीपीएस राख्दै यसको रेकर्ड दुबै सरकार र अन्तर्राष्ट्रिय समुदायले राख्नुपर्ने माग गरिएको छ । सरकारले यसअघि हुम्ला जिल्लामा नेपाल चीन सीमा क्षेत्रलाई लिएर गत वर्ष उत्पन्न भएको विवादबारे गृहमन्त्रालयका सहसचिव जयनारायण आचार्यको संयोजकत्वमा अध्ययन गर्न समिति गठन गरेको थियो। उक्त समितिले अध्ययन प्रतिवेदन गृहमन्त्रालयलाई बुझाएको छ । उकत प्रतिवेदनमा चिनियाँ पक्षले सीमा अतिक्रमण गरेको उल्लेख गर्दै दुबै पक्ष मिलेर समाधान गर्नुपर्ने सुझाइएको थियो। उक्त प्रतिवेदन अहिले परराष्ट्र मन्त्रालयलमा थन्काइएको छ ।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा हुम्लामा सीमा अतिक्रमण भएको कुरा बाहिरिएको थियो । तर त्यस बेलाका परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले २०७३ सालमा गरिएको अध्ययनलाई उल्लेख गर्दै ती संरचनाहरू चिनियाँ भूभागमै बनाइएको बताएका थिए ।त्यस्तै काठमाडौंस्थित चिनियाँ दूतावासले पनि ती संरचनाहरू आफ्नै क्षेत्रमा निर्माण भएको र नेपाल तथा चीनबीच सीमा विवाद नभएको स्पष्ट गरेको थियो । यद्यपि अहिलेको सत्तारूढ र त्यस बेलाको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले वक्तव्य निकालेर सरकारले सीमा मिचिएको प्रमाण हुँदाहुँदै ढाकछोप गर्न खोजेको आरोप लगाएको थियो । अहिले कांग्रेस नेतृत्वकै सरकारले उक्त क्षेत्रको अध्ययन गर्न भन्दै समिति गठन गर्दै प्रतिवेदन तयार भइसक्दा पनि सरकारले उक्त प्रतिवेदन सार्वजनिक गरेको छैन ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**रामज्ञान मण्डल**
**नगरप्रमुख**
**हंसपुर नगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**रामशंकर मिश्र**
**नगरप्रमुख**
**जलेश्वर नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

**कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरूरी सूचना**

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।

**उदय कुमार यादव बरबरिया**
**नगरप्रमुख**
**शहीदनगर नगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

**कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरूरी सूचना**

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।

**विक्रम चौधरी**
**अध्यक्ष**
**पिपरा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश**

# विश्व परिवेश

## भारतले ३६औं अन्तर्राष्ट्रिय भूगर्भ सम्मेलन आयोजना गर्ने




भारतले मार्च २० देखि २२ सम्म भर्चुअल प्लेटफर्ममा राष्ट्रिय राजधानी क्षेत्रमा पृथ्वी विज्ञानको विकासको उद्देश्यले ३६ औं अन्तर्राष्ट्रिय भूवैज्ञानिक कांग्रेसको आयोजना गर्ने छ, खानी मन्त्रालयले बुधबार भन्यो।

३६औँ आई. सि. सि. विश्वभरका मेधावी भूवैज्ञानिकहरूको सहभागितालाई सक्षम बनाउन र उनीहरूलाई भारतीय उपमहाद्वीपको उत्कृष्ट भूवैज्ञानिक सम्पदाको अन्वेषण गर्ने अवसर प्रदान गर्न डिजाइन गरिएको हो।

यस वर्षको कार्यक्रम भारत सरकारको खानी मन्त्रालय र पृथ्वी विज्ञान मन्त्रालयको संयुक्त लगानीमा र बंगलादेश, नेपाल र श्रीलंकाका विज्ञान प्रतिष्ठानहरूसँगै इन्डियन नेशनल साइन्स एकेडेमीको सहयोगमा आयोजना गरिएको हो ।

आई. जि. सि. इन्टरनेशनल युनियन अफ जियोलोजिकल साइन्सेसको अगुवाइमा आयोजना हुने चतुर्भुज भू-वैज्ञानिक कार्यक्रम हो। ३६ औं आई. जि. सि. मा हुने विज्ञान कार्यक्रमको विषयवस्तु 'भूविज्ञान: दिगो भविष्यका लागि आधारभूत विज्ञान' रहेको छ ।

कार्यक्रममा विश्वभरबाट करिब ५ हजारदेखि ७ हजार प्रतिनिधि सहभागी हुने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ ।

"भूविज्ञानको ओलम्पिक" को रूपमा वर्णन गरिएको यो कार्यक्रमले दिगो विकास, जलवायु परिवर्तन, पानी र खनिज स्रोतहरू जस्ता विश्वलाई पिरोल्ने विभिन्न मुद्दाहरूमा बहस र छलफलहरू प्रस्तुत गर्नेछ।

वार्ताले दिगो विकासको सन्दर्भमा भूविज्ञानको दायरामा उदीयमान दृष्टान्तहरूमा ध्यान केन्द्रित गरेर पृथ्वीको प्रक्रियाहरू र जैविक क्षेत्रसँग तिनीहरूको सिम्बायोसिसलाई विनियमित गर्ने विभिन्न घटनाहरूको जटिल अन्तरक्रियालाई पनि हाइलाइट गर्नेछ।

खानी मन्त्रालयका अनुसार यसले वैज्ञानिक, अनुसन्धानकर्ता र शिक्षाविद् बाहेक देशका खानी तथा खनिज तथा त्यससँग सम्बन्धित उद्योगहरुलाई प्रशस्त अवसर प्रदान गर्ने छ ।

यसले खानी, खनिज अन्वेषण र पानी, खनिज स्रोत र वातावरणको व्यवस्थापनमा अत्याधुनिक प्रविधिका बारेमा पहिलो जानकारी दिनेछ। यसले शैक्षिक उत्पादनमा बृद्धि गर्न र भूवैज्ञानिक स्ट्रिमहरूमा क्षमता निर्माणका लागि अवसरहरू सिर्जना गर्न पनि मद्दत गर्नेछ।

हालको महाधिवेशन २०२० मार्च २-८ मा हुने तय भए पनि कोभिड-१९ को महामारीका कारण स्थगित भएको थियो । आई. जि. सि. को पहिलो सत्र ज्ञडठड मा फ्रान्स मा भएको थियो। यसको स्थापना देखि, ३५ कांग्रेस संसारभर २४ देशहरु द्वारा आयोजित गरिएको छ।

यो अन्तर्राष्ट्रिय सम्मेलन दुई पटक आयोजना गर्ने भारत एक मात्र एसियाली राष्ट्र हो। आई. जि. सि. को २२ औं सत्र १९६४ मा नयाँ दिल्लीमा भएको थियो, मन्त्रालयले थप्यो। *-इण्डिया न्यूज नेटवर्क*

## भारत र जापान एक्ट इस्ट फोरमको संयुक्त बैठक

भारत र जापानले मङ्गलबार नयाँ दिल्लीमा भारत-जापान ऐक्ट इस्ट फोरम (ए. ई. एफ़.) को छैटौं संयुक्त बैठक आयोजना गऱ्यो र कनेक्टिभिटी, जलविद्युत, र वन व्यवस्थापनलगायत विभिन्न क्षेत्रमा जारी परियोजनाहरूको प्रगतिको समीक्षा गऱ्यो।

बैठकको सहअध्यक्षता परराष्ट्र सचिव हर्षवर्धन श्रृङ्ला र भारतका लागि जापानका राजदूत सुजुकी सातोशीले गरेका थिए । बैठकमा भारतको उत्तर पूर्वी क्षेत्रका सम्बन्धित मन्त्रालय र राज्य सरकारका प्रतिनिधिहरू सहभागी थिए, विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

साथै जापान इन्टरनेशनल कोअपरेसन एजेन्सी (जाइका) र जापान फाउन्डेसन (जे. एफ.) का पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

दुबै पक्षले कनेक्टिभिटी, जलविद्युत, वन व्यवस्थापन, खानेपानी आपूर्ति र ढल, सीप विकास र जापानी भाषा शिक्षा सहित विभिन्न क्षेत्रमा चलिरहेको परियोजनाहरूको प्रगतिको समीक्षा गरे।

उनीहरूले सहयोगका सम्भावित नयाँ क्षेत्रहरूका बारेमा पनि विचार आदानप्रदान गरे, यो थपिएको छ।

दुई देशले गत वर्ष जनवरीमा भारत-जापान ऐक्ट इस्ट फोरम (ए. ई. एफ़.) को पाँचौं संयुक्त बैठक गरेका थिए र भारतको उत्तर पूर्वी क्षेत्रमा जारी परियोजनाहरूको प्रगति समीक्षा गरेका थिए।'

दुवै पक्षले भारत-जापान द्विपक्षीय सहयोग अन्तर्गत सञ्चालित धेरै नयाँ परियोजनाहरूबारे छलफल गरेका थिए र स्वास्थ्य सेवा, कृषि-उद्योग र एसएमई, बाँसको मूल्य शृङ्खला विकास, स्मार्ट सिटी, पर्यटन र जनताबीचको आदानप्रदान जस्ता नयाँ क्षेत्रमा सहयोगका बारेमा पनि विचार आदानप्रदान गरेका थिए।

सन् २०१७ सेप्टेम्बरमा तत्कालीन जापानी प्रधानमन्त्री सिन्जो आबेको भारत भ्रमणका क्रममा एउटा सम्झौतामा हस्ताक्षर भएपछि एक्ट इस्ट फोरमको स्थापना भएको हो ।

फोरमले भारतको 'एक्ट इस्ट नीति' अन्तर्गत उत्तर पूर्वी क्षेत्रमा 'फ्री एण्ड ओपन इन्डो-प्यासिफिक' र भारत-जापान सहकार्यको लागि जापानको दृष्टिकोण अनुरूप काम गर्दछ। *-इण्डिया न्यूज नेटवर्क*

## तेलको मूल्य बढ्दै गएपछि भारतले प्रतिस्पर्धी ऊर्जा स्रोतहरूमा ध्यान केन्द्रित गर्दै



युक्रेन द्वन्द्वपछि तेलको मूल्यमा आएको उछालले विद्यमान चुनौतिहरू थप्दै गएपछि भारतले अहिले प्रतिस्पर्धी ऊर्जा स्रोतहरूमा ध्यान केन्द्रित गरेको छ ।

सबै उत्पादकहरूबाट यस्तो प्रस्ताव स्वागत छ, आधिकारिक स्रोतले भन्यो।

भारतीय व्यापारीहरूले पनि उत्कृष्ट विकल्पहरू खोज्न विश्वव्यापी ऊर्जा बजारहरूमा काम गर्छन्।

भारतको अडान मस्कोले नयाँ दिल्लीलाई कच्चा तेल र अन्य वस्तुहरू छुटमा प्रस्ताव गरेको रिपोर्टहरू बीच आएको हो।

राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा सैन्य कारबाही सुरु गर्ने निर्णय गरेपछि अमेरिका र उसका सहयोगीहरूले रुसमाथि प्रतिबन्ध लगाएका छन् ।

नयाँ दिल्लीको आधिकारिक सर्कल भित्रको दृष्टिकोण यो छ कि तेल आत्मनिर्भर भएका देशहरू वा रूसबाट आफूलाई आयात गर्नेहरूले विश्वसनीय रूपमा प्रतिबन्धित व्यापारको वकालत गर्न सक्दैनन्।

"भारतको वैध ऊर्जा लेनदेनलाई राजनीतिकरण गर्नु हुँदैन," स्रोतले हालैका घटनाक्रमलाई उल्लेख गर्दै भन्यो।

यस सन्दर्भमा रुसी तेल र ग्यास विश्वका विभिन्न देशहरू विशेषगरी युरोपले खरिद गर्ने गरेको औंल्याएको छ ।

रूसको कुल प्राकृतिक ग्यास निर्यातको लगभग ७५% ओ. ई. सि. डि. युरोप जस्तै जर्मनी इटाली फ्रान्समा छ।

नेदरल्याण्ड इटाली पोल्याण्ड फिनल्याण्ड लिथुआनिया रोमानिया जस्ता युरोपेली देशहरू पनि रुसी कच्चा तेलको ठूलो आयातकर्ता हुन्।

स्रोतका अनुसार रुसमाथि हालैका पश्चिमी प्रतिबन्धहरूले रुसबाट ऊर्जा आयातमा असर नपर्ने उपायहरू बनाएका छन्। रूसी बैंकहरू जुन रूसी ऊर्जा आयातको लागि युरोपियन युनियन भुक्तानीहरूको लागि मुख्य च्यानलहरू हुन् ।

उपलब्ध तथ्याङ्कअनुसार भारतको कच्चा तेलको आवश्यकताको झण्डै ८५ प्रतिशत (दिनको ५० लाख ब्यारेल) आयात गर्नुपर्छ।

रुस भारतलाई कच्चा तेलको एक सीमान्त आपूर्तिकर्ता हो। यसले देशको आवश्यकताको १% भन्दा कम आपूर्ति गर्दछ र शीर्ष १० स्रोतहरू मध्ये छैन।

साथै आयातको कुनै जि. टु. जि. व्यवस्था छैन। हालको वर्षमा अमेरिकाबाट आयातमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको छ, सायद लगभग ११% ले यसको बजार हिस्सा ८% मा पुऱ्याउन।

"भूराजनीतिक विकासले भारतको ऊर्जा सुरक्षामा महत्त्वपूर्ण चुनौतीहरू खडा गरेको छ। स्पष्ट कारणहरूका लागि हामीले इरान र भेनेजुएलाबाट सोर्सिङ रोक्नुपरेको छ। वैकल्पिक स्रोतहरू प्राय: उच्च लागतमा आएका छन्," एक ;[n]eg *-इण्डिया न्यूज नेटवर्क*


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


# जिल्ला समाचार

## शिलान्यास गरेको सडक एक वर्षमै कालोपत्रे

गौर । रौतहटको देवाहीदेखि करुनिया, खेसरहिया हुँदै वीरेन्द्र राजमार्ग जोड्ने सडक शिलान्यास भएको एक वर्ष नपुग्दै कालोपत्रे भएको छ । नेकपा एमालेका स्थायी कमिटी सदस्य तत्कालीन शहरी विकास मन्त्री प्रभु साहले गत वर्ष चैत १५ गते उक्त सडक खण्डको शिलान्यास गरेका थिए । करीब ८ किलोमीटर लम्बाई रहेको उक्त सडकको दुई वटा प्याकेजमा निर्माण भैरहेको छ । सडकमा कालोपत्रे पिच गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । पूर्वमन्त्री साहको लोकप्रिय अभियानको रूपमा रहेको "गाउँलाई हाइवेसंग जोड्ने योजना" अन्तर्गत देवाहीस्थित लालबकैया पुलदेखी गौर-चपुर हाइवेको खेसरहियासम्म जोडिने उक्त सडक बिना कुनै मुआब्जा जनताको सहयोगमा निकालिएको थियो । सोही सडकखण्डमा पर्ने लकदेई नदीमा पूर्वमन्त्री साहकै पहलमा पुल समेत निर्माण भएको छ ।

## व्यवसायीहरू आन्दोलनमा

विराटनगर । सुनसरी-मोरङ औद्योगिक करिडोरका उद्योगी व्यावसायीले बैंकको व्याजदर घटाउन माग गर्दै चरणबद्ध आन्दोलन शुरु गरेका छन् । स्वदेशी उद्योग प्रवर्द्धन गर्नुपर्ने, लगानीको वातावरण तयार गर्नुपर्ने, बैंक ब्याजदर घटाउनु पर्ने, संस्थागत निक्षेपमा ६ प्रतिशत ब्याजदरमा लगानी गर्नुपर्ने लगायतका माग राख्दै मोरङ व्यापार संघमा आवद्ध उद्योगी व्यवसायीहरुले प्रदर्शन गरेका हुन् । बैंकहरुले संस्थागत निक्षेपमा १० प्रतिशतसम्म ब्याज दिन थालेपछि कर्जाको ब्याजदर अधिकतम वृद्धि हुने भन्दै व्यवसायीहरुले त्यसको विरोध गरेका हुन् । चरणबद्ध आन्दोलनमा उत्रिएका उद्योगी व्यावसायीले बैंकहरुको संस्थागत निक्षेपमा अधिकतम ६ प्रतिशत ब्याजदर कायम गर्न माग गर्दै उद्योगी व्यवसायीहरुले आज नेपाल राष्ट्र बैंकको विराटनगरस्थित कार्यालयमा प्रदर्शन गरेका छन् । उद्योगी व्यावसायीले नागरिक लगानी कोष, संचयकोष, नेपाल टेलिकम, सामाजिक सुरक्षा कोषलगायतले बैंकमा जम्मा गरेको संस्थागत निक्षेपलाई राज्यको सम्पति मानेर बढीमा ६ प्रतिशत ब्याजदरमा कर्जा लगानी गर्नुपर्ने माग अगाडि सार्दै आएका छन् । नेपाल राष्ट्र बैंक विराटनगरका प्रमुख मिना पाण्डेले ज्ञापनपत्र बुझाउँदै संघका अध्यक्ष नविन रिजालले बजारमा भइरहेको तरलता अभाव अन्त्य गर्न संस्थागत निक्षेपको ब्याजदर घटाइ तत्काल कर्जा प्रवाह बढाउन आग्रह गरे । पुँजी अभावमा उद्योग व्यवसायको क्षेत्र धराशायी भएको र बैंकका कारण धेरै उद्योगधन्दा बन्द हुने अवस्थामा पुग्नुका साथै उद्योगी व्यापारी सुकुम्बासी हुने अवस्था सिर्जना भएको मोरङ व्यापार संघका अध्यक्ष नविन रिजालले बताए । सोमबार हातमा कालोपट्टि बाँधेर आन्दोलनमा उत्रिएका व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालय मार्फत ज्ञापन पत्र बुझाउँदै नेपाल राष्ट्र बैंक र सरकारको ध्यानाकर्षण गराएका थिए । मंगलबार उद्योगी व्यवसायीहरुले नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयमा प्रदर्शनसहित ज्ञापनपत्र बुझाउन पुगेका थिए ।

## हत्यामा संलग्न २ जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-४ शिवपुरी धाम नजिक डेरा गरी बस्ने भारत उत्तर प्रदेश सहेजापुर घर भएका ४२ वर्षीय कुलदीप गुप्ताको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बाजुरा खप्तड छेडेदह गाउँपालिका-२ बस्ने २४ वर्षीय राजेन्द्र बुढा र सोही ठाउँ बस्ने २० वर्षीय भुपेन्द्र बुढा रहेका छन् । धनगढी उपमहानगरपालिका-५ केराबारीस्थित सडक किनाराको नालीमा गत सोमबार कुलदीप गुप्ताको शव फेला परेको सूचना प्राप्त हुनासाथ सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उनीहरूलाई पक्राउ गरेको हो । धनगढी उपमहानगरपालिका-१ स्थित मिल्कि फन आइसक्रिमका सञ्चालकसँग फागुन २२ गते आइसक्रिम विक्री गरेको बापत १ हजार २ सय ४० रुपैयाँ बुझी हिँडेका कुलदीपसँग से.१ घ २८६६ नम्बरको अटोमा जाँदै गरेका राजेन्द्र र भुपेन्द्रको पार्कमोड नजिक भेट भएको थियो । कुलदीपलाई समेत अटोमा लिएर जाने क्रममा निजहरु बीच भाडाको बिषयमा विवाद हुँदा कुलदीपले गालीगलौज गर्न थालेपछि उनीहरूबीच हातपात हुँदा कुलदीप सडक छेउ नालीमा खसेपछि भुपेन्द्रले काठको टुक्रा प्रहार गरी हत्या गरेको खुल्न आएको छ । तीनै जनाले मादक पदार्थ सेवन गरेको अवस्थामा तत्कालको रिस आवेग थाम्न नसकी घटना भएको खुल्न आएको छ ।

## पशु बीमा तथा सुत्केरी भत्ता वितरण प्रभावकारी

बाँके । कोहलपुर नगरपालिकाले सुरुआत गरेको पशु बीमा तथा सुत्केरी भत्ता वितरण कार्यक्रमले किसान लाभान्वित भएका छन् । पशु बीमा कार्यक्रमअन्तर्गत किसानले बेहोर्ने पशु बीमा प्रिमियमको ५० प्रतिशत अनुदान र पशु सुत्केरी भत्ता रकम वितरण सुरु गरिएको नगर प्रमुख लुटबहादुर रावतले जानकारी दिएका थिए । उनले किसानलाई कृषि क्रान्ति गर्नका नगरपालिकाले लागि सहज र सरल किसानमैत्री वातावरण तयार गरिदिएको बताएका थिए । सुत्केरी भत्ता तेस्रो चरणको र बीमा पहिलो र दोस्रो चरणको रकम भुक्तानी दिएको नगर पशु सेवा शाखाका प्रमुख गोविन्द रोकायले बताए । उनका अनुसार, बीमा पशु बीमा कार्यक्रममा १३६ कृषक लाभान्वित भएका छन् जसमा ३५५ पशु सङ्ख्यामध्ये गाई ८४, भैंसी १७२, बाखा ७९ रहेका छन् । किसानलाई रु दुई लाख ३४ हजार २७१ वितरण गरिएको छ । पशु सुत्केरी भत्ता ११७ कृषकलाई वितरण गरिएको छ । जम्मा १८३ मध्ये गाई ८५ र भैंसी ९८ रहेका छन् ।

## जनकपुरमा मासु तथा मदिरा निषेध

जनकपुरमा जनकपुरधाममा दुई दिनसम्मका लागि मासु तथा मदिराको विक्री वितरणमा स्थानीय प्रशासनले रोक लगाएको छ । मिथिला मध्यमा परिक्रमाका क्रममा दुई दिनसम्म जनकपुरधाममा मासु तथा मदिराको विक्री वितरण र सेवनमा निषेध गरिएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ । बुधबार एक विज्ञप्ती जारी गर्दै जिल्ला प्रशासन कार्यालयले चैत ३ र चैत ४ गते सूर्योदयदेखि सूर्यास्तसम्मका लागि जनकपुरधाम क्षेत्रमा मासु तथा मदिरा बिक्रीवितरण तथा सेवन निषेधित गरेको जनाएको हो । चैत ३ मा परिक्रमावासीहरु जनकपुरधाम फर्कने र चैत ४ मा अन्त: गृह परिक्रमा हुने परम्परा छ । होली पर्व मनाउने नाममा जथाभावी रङ दल्ने, लोला हान्ने, बाटो ढुकेर बटुवालाई रङ लगाउने, बाटो अवरोध गरी सवारीसाधनबाट रकम असुल्नेजस्ता कार्य नगर्न पनि धनुषा प्रशासनले सचेत गराएको छ । लागुऔषध, मदिरा, भाङ तथा अन्य उत्तेजक पदार्थ खाई सवारीसाधन चलाउन, हुलहुज्जत गर्न र चर्को स्वरमा बाजा बजाउन तथा डिजे सञ्चालन गर्न समेत प्रतिबन्ध लगाइएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जनाए । जिल्ला प्रशासनले जारी गरेको सूचना उल्लंघन गरेको पाइएमा प्रचलित कानुन अनुसार कारवाही गरिने चेतावनीसमेत दिइएको छ ।

## बीआरआई सम्झौता सार्वजनिक गर्न माग गर्दै चिनियाँ राष्ट्रपतिको पुतला दहन

काठमाडौं । राष्ट्रिय एकता अभियान सम्बद्ध राष्ट्रिय विद्यार्थी परिषद्ले बेल्ट एण्ड रोड इनिसियटिभ परियोजना बीआरआईको सम्झौता सार्वजनिक गर्न माग गरेको छ । तत्कालीन नेकपाले चीनसँग चर्को ब्याजदरमा गरेको ऋण सम्झौताको गोप्य राखिएको दस्तावेज सार्वजनिक गर्न परिषदका केन्द्रीय संयोजक विवेक कुशवाहाले माग गरेका हुन् । श्रीलंकाकै हालतमा नेपाललाई पुर्याउने बीआरआईमा कम्युनिस्टहरुले गरेको राष्ट्रघात सार्वजनिक गर्न उनले माग गरेका हुन् ।

उनले भने 'तत्कालीन कम्युनिस्ट सरकारले चीनसँग गरेको गोप्य समझौताको आधिकारिक काग़ज़ सम्पूर्ण जनतालाई अध्ययनको लागि तुरन्त उपलब्ध गराऊ ।' राष्ट्रघाती बीआरआई समझौता सार्वजनिक गर्न माग गर्दै परिषदले आज बारा जिल्लाको सदरमुकाम कलैयाको भरत चौकमा प्रदर्शनसमेत गरेको छ। कुशवाहाको नेतृत्वमा भएको विरोध प्रदर्शनमा राष्ट्रीघाती बीआरआई समझौता सार्वजनिक गर, चिनियाँ विस्तारवाद बन्द गर, मिचिएको भूमि फिर्ता गर, अघोषित नाकाबन्दी खुल्ला गर, नेपाली विधार्थीहरुको पठन पाठन सूचारु गर, जस्ता नारा लगाई प्रदर्शन भएको थियो । प्रदर्शनको क्रममा परिषदले चिनियाँ राष्ट्रिपति सी जिनफिङको पुतला समेत दहन गरेको छ ।

## नेपाल-भारत मैत्री पोलिटेक्निक प्रतिष्ठानबारे छलफल

काठमाडौं । मकवानपुर जिल्लाको हेटौंडामा भारत सरकारको सहयोगमा निर्माणाधिन नेपाल-भारत मैत्री पोलिटेक्निक प्रतिष्ठानबारे छलफल गर्न परियोजना अनुगमन समितिको दोस्रो बैठक काठमाडौंमा सम्पन्न भएको छ । भारत सरकार विदेश मन्त्रालय अन्तर्गतको विकास साझेदारी प्रशासन महाशाखाका सह-सचिव सतीश सिवान र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सह-सचिव कमल प्रसाद पोखरेलले सो बैठकको सह-अध्यक्षता गरेका थिए । परियोजनाको समग्र कार्यान्वयन पक्ष र प्रगतिबारे बैठकमा समीक्षा भएको छ । समितिले परियोजनाका ठेकेदार र परामर्शदातालाई समयमै परियोजना सम्पन्न गर्न निर्देशन दिएको छ ।

कोभिड महामारीका कारण परियोजनाले गति लिन नसकेको उल्लेख गर्दै दुवै पक्षले उक्त परियोजना महामारीले खडा गरेको चुनौति पार गरी अब निर्माणको अन्तिम चरणमा रहेको राजदूतावासले जनाएको छ । बैठकका क्रममा नेपाली पक्षले नेपालको पूर्वाधार विकासका लागि गरेको निरन्तर सहयोग गरेको प्रति भारत सरकारलाई धन्यवाद दिएको छ । भारत पक्षले पनि नेपाल सरकारसँगको फलदायी सहकार्य र नेपालको शिक्षा पूर्वाधारको विकासका लागि भएका संयुक्त प्रयास प्रति खुशी व्यक्त गरेको हो । दुई पक्षबीच परियोजना अनुगमन समितिको अर्को बैठक दुवै पक्षलाई अनुकुल पर्ने मितिमा गर्ने सहमति भएको दूतावासले जनाएको छ ।

## सांसद प्रदीप यादवमाथिको कारबाही फुकुवा

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) ले प्रदीप यादवमाथिको कारबाही फिर्ता लिएको छ । फागुन १३ गतेदेखि बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले यादवविरुद्धको कारबाही फिर्ता लिने निर्णय गरेको जसपा केन्द्रीय कार्यालय प्रमुख प्रकाश अधिकारीकाले बताए । यादवलाई गत मंसिर ५ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले अनुशासनको कारबाही गर्ने निर्णय गरेको थियो । पार्टी अध्यक्ष उपेन्द्र यादवको विरोध गरेपछि सांसद यादवलाई केन्द्रीय सदस्यबाट हटाएको थियो । जसपाबाट गठबन्धन सरकारमा आफूलाई मन्त्री नबनाएको भन्दै सांसद यादवले विरोध जनाएका थिए ।

# मधेशी एकता समाजले दुबईमा मनायो 'होली रंगोत्सव'



काठमाडौं । मधेशी एकता समाजले होलीको अवसरमा युएई का विभिन्न इमरातमा रहेका मधेशीलाई लक्षित गरि भव्यताका साथ "होली रंगोत्सव" को आयोजना गरेको छ ।

सुरुवाती दौरमा मधेशी एकता समाजका संथापक डा रविन्द्र कुमार यादवको नेतृत्वमा युएई मा रहेका मधेशीहरुले २०१६ मा अल एन सहरको जबल हफितमा पहिलो होली मनाएको थियो । तत्पश्चात मधेशी समाजले युएईका विभिन्न स्थानमा अनौपचारिक रुपमा होली आयोजना गर्दै आएको थियो ।

युएईमा रहेका मधेशीहरुले २०१६ मा अल एनको जबल हफितमा मनाएको पहिलो होली यिनै भेटघाट, संवाद तथा मधेशी समाजका अग्रजहरुको विमर्शबाट युएईमा रहेका मधेशीहरुलाई एक गैर राजनैतिक सामाजिक संगठनको आवस्यकता महसुस गरेर मधेशी एकता समाजको गठन भएको हो ।

विश्वभरि रहेका मधेशीहरुलाई एकै छाता मुनि आएर मधेशी हक-हितका लागि काम गर्न यो संस्थाको निर्माण भएको हो ।

१३ मार्च २०२२ आइतबारको दिन होली रंगोत्सवमा तीन सयभन्दा बढी संख्यामा मधेशीहरू सहभागी भएका थिए ।

साथै नेपालबाट मधेशका प्रसिद्ध गायक सन्तोष सहनी, मधेशमा चर्चित र प्रख्यात टिक-टक स्टार आरती चौधरी, बाल कलाकार अंकिता शर्मा, गायक ब्रजेश सिंह, राम यादव , दिनेश साह, का साथै नृत्यांगना प्रमिला रिजाल, टिक-टक स्टार सलामत, इन्द्र सिन्चुरी, देव श्रेष्ठ, नेपाली बोयज़ टिम होली समारोहमा सांस्कृतिक कार्यक्रम राखेको थियो ।

कार्यक्रममा विभिन्न स्थानीय मधेशी कलाकारहरूले आ-आफ्नो कला प्रस्तुत गरेका थिए साथै नेपाली कलाकार संघका कलाकारहरु र नेपाली बोय्ज़ टिम ले पनि सांस्कृतिक पहिचान झल्किने गरी प्रस्तुति दिएका थिए ।

यस कार्यक्रममा प्रमुख अतिथित्व स्वीकार गरेर नेपाली राजदुतावासबाट द्वितीय सचिव भुवन ओझाले मधेशी एकता समाजलाइ बधाई दिंदै होलीलाई रंग को उत्सव संज्ञा दिंदै विदेश मा रहेका नेपालीहरु ले विदेशमा पनि होली आयोजनाले दुतावासलाई गौरवान्वित तुल्याएको बताए ।

उनले डा रबिन्द्र यादवलाई धन्यवाद दिंदै मधेशी एकता समाजको कार्यकर्म को प्रसंशा गरेका थिए ।

यसका साथै मधेशी एकता समाजका अध्यक्ष कार्यक्रमको सभापति मुकेश झा, उपाध्यक्ष कृष्णा ठाकुर, उपाध्यक्ष लाल बाबु सिंह, उपाध्यक्ष धर्मेन्द्र गोहिवार, कोषाअध्यक्ष अनिल साह, नेपाल इकाईको अध्यक्ष डा बबी सिंह, राधे यादव, जिवछ मिश्र लगायत अन्य पदाधिकारीहरूको उपस्थितिमा कार्यक्रम संचालन गरेका थिए । कार्यक्रमको संयोजक मधेशी एकता समाजका ललित रायले गरेका थिए ।

मधेशी एकता समाजका संस्थापक डा रबिन्द्र यादवले मधेशी एकता समाजले विदेशमा रहेका र समस्या मा रहेका मधेशीहरूको समस्या समाधान गर्नुको साथै नेपालमा पनि मधेशी समाजमा आपत-बिपत जस्तै बढी, आगजनी आदि हुँदा सहयोग गर्दै आएको बताए ।

अहिले यु ए ई बाट विस्तार भएर विश्वभरि यस संस्था को निर्माण हुने कुरा पनि डा यादवले जानकारी गराए । यस एकता समाजले मधेशीहरुबीच आपसी सहयोग, सद्भाव तथा समन्वय गर्दै विभिन्न कार्यक्रम गर्नुको साथै मधेश र मधेशीको उत्थानको लागि मुलभूत रुपमा काम गर्ने कुरा उपाध्यक्ष कृष्णा ठाकुरले जानकारी गराए ।

# सोलुखुम्बुमा निर्मित खानेपानी आपूर्ति परियोजना उद्घाटन

काठमाडौं । भारत सरकारको अनुदान सहयोगमा सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका खुमजुङ र कुण्डे गाउँमा निर्माण गरिएको खानेपानी आपूर्ति परियोजना उद्घाटन भएका छन् ।

राष्ट्रिय सभा सदस्य सोनाम ग्याल्जेन शेर्पा र काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव प्रियाधरसिनी आरले सोमबार संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

सो उद्घाटन समारोहमा सोलुखुम्बु जिल्ला समन्वय समिति, खुम्बु पासाङल्हामु गाउँपालिका र खानेपानी उपभोक्ता तथा व्यवस्थापन समितिका अधिकारी लगायत स्थानीय सरकारका प्रतिनिधिहरुको उपस्थिति थियो ।

यो योजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादी का अमृत महोत्सव" अन्तगर्त यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजना मध्येको एक हो ।

'भारत-नेपाल विकास सहकार्य' कार्यक्रम अन्तर्गत भारत सरकारको ४ करोड २३ लाख ९० हजार अनुदान सहयोगमा यस परियोजनामा निर्माण गरिएको हो ।

यस परियोजनाले खुमजुङ र कुण्डे क्षेत्रका ६०० घरपरिवार तथा विद्यालय लगायत अस्पताल, सरकारी कार्यलय र घुम्न आउने पर्यटकका लागि सफा तथा स्वच्छ खानेपानी उपलब्ध गराउनेछ ।

यस परियोजनाले विशेष गरी त्यस क्षेत्रका बासिन्दालाई पानी भर्न टाढासम्म जानुपर्ने दैनिक झन्झटबाट मुक्त गरी उनीहरुको जीवनस्तर उकास्न मद्दत गर्नेछ ।

सन् २००३ यता भारतले नेपालमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेको छ जसमध्ये ४६७ वटा सम्पन्न भइसकेका छन् । ती मध्ये सोलुखुम्बुका २ गरी प्रदेश १ मा ७८ वटा रहेका छन् ।

यसका अतिरिक्त भारत सरकारले सोलुखुम्बु जिल्लामा ३ वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले खानेपानी व्यवस्थापनको क्षेत्रमा नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले पुऱ्याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# त्रिवि केन्द्रीय पुस्तकालय निर्माणका लागि भूमिपूजन

काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रा र नेपाल सरकारका माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको निर्माणका लागि आज आयोजित भूमिपूजन कार्यक्रमको संयुक्त रुपमा सम्पन्न गएको छ । भारत सरकारको ५० मिलियन अमेरिकी डलर अनुदानमा सो पुस्तकालयको निर्माण हुनेछ । सो समारोहमा त्रिभुवन विश्वविद्यालयका वरिष्ठ अधिकारी, दूतावासका प्रतिनिधि, केन्द्रीय परियोजना कार्यान्वयन इकाई लगायत अन्य सरोकारवालाको उपस्थिति थियो ।

सो अवसरमा उक्त परियोजनाको कार्यान्वयनका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र भारतीय राजदूतावासबीच एक समझदारी पत्रमा हस्ताक्षर भएको छ । कूल नेरु ३१.६९ करोडको लागतमा नेपाल सरकारले निर्धारण गरेको भूकम्प प्रतिरोधी पुनर्निर्माण मापदण्ड अनुरुप यस पुस्तकालयको निर्माण हुनेछ ।

यसरी निर्माण हुने नयाँ तीन तल्ले भवनमा आधुनिक सुविधा लगायत अतिरिक्त सुविधा सहितको विभिन्न प्राज्ञिक शाखाहरु हुनेछन् । भूकम्प प्रतिरोधी पुनर्निर्माणको क्षेत्रमा काम गर्ने भारतको प्रमुख संस्था केन्द्रिय भवन अनुसन्धान संस्थान (सिबीआरआइ) ले पुस्तकालयको निर्माणका लागि प्राविधिक सहयोग प्रदान गर्नेछ । भूकम्पपछिको पुनर्निर्माणका लागि भारतले नेपाल सरकारलाई २५० मिलियन अमेरिकी डलर अनुदान प्रदान गर्ने प्रतिबद्धता गरेको छ । सो रकममध्ये ५० मिलियन अमेरिकी डलर शिक्षाको क्षेत्रमा खर्च हुनेछ । हाल नेपालका आठ जिल्लामा ७१ वटा शैक्षिक संस्थाको निर्माण भइरहेको छ जसमध्ये १४ वटाको निर्माण सम्पन्न भई हस्तान्तरण भइसकेको छ भने बाँकीको निर्माण कार्य अघि बढिरहेको छ ।

हालको त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय भवनको सन् १९६७ मा भारत सरकारको सहयोगमा निर्माण भएको हो । त्रिभुवन विश्वविद्यालयस्थित गान्धी भवनको निर्माण पनि भारत सरकारको सहयोगमा सन् १९७३ मा भएको हो ।

कार्यक्रममा बोल्दै राजदूत क्वात्राले यो परियोजना भारत र नेपालबीचको बहुपक्षीय एवम् बलियो विकास साझेदारीको प्रमाण भएको बताए । उनले नेपालको सामाजिक एवम् आर्थिक विकासका लागि नेपाल सरकारसँग भारतले निरन्तर हातेमालो गर्ने बताए । मन्त्री पौडेलले नेपालको शैक्षिक पूर्वाधार विकासमा भारत सरकारले पुऱ्याएको सहयोगका लागि आभार प्रकट गरेका थिए ।

# भोजपुरमा महात्मा गान्धी मेमोरियल अस्पताल भवनको उद्घाटन

काठमाडौं । भारत सरकारको सहयोगमा भोजपुर जिल्लाको षडानन्द नगरपालिकामा निर्मित महात्मा गान्धी मेमोरियल अस्पताल भवन उद्घाटन भएको छ । नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र बहादुर कार्की र भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य सी खम्पाले अस्पताल भवनको बिहीबार संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

उक्त उद्घाटन समारोहमा दूतावासका अधिकारी तथा स्थानीय सरकारका प्रतिनिधिहरुको उपस्थिति थियो ।

नेरु २ करोड २६ लाखको लागतमा निर्माण गरिएको यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजनाहरु मध्येको एक हो । यस अस्पतालले भोजपुर जिल्ला र आसपासका अन्य जिल्लाका मानिसहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा अझ राम्रो पहुँच प्रदान गर्नेछ ।

१५ शैयाको क्षमता भएको यस अस्पतालमा जनतालाई राम्रो स्वास्थ्य सेवाप्रदान गर्न हेतु प्रसूति कक्ष, चौबिसै घण्टा आपतकालीन स्वास्थ्य परीक्षण कक्ष, बालबालिका वार्ड, शल्यक्रिया कक्ष, प्रतिक्षालय, प्याथोलोजी ल्याब, चिकित्सक तथा नर्स कक्ष, महिला तथा आगन्तुका लागि छुट्टाछुट्टै शौचालय र फर्निचर तथा अस्पताल उपकरणको व्यवस्था गरिएको छ । सन् २००३ यता भारतले नेपालमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेकोमा ४६७ वटा सम्पन्न भइसकेका छन्। ती मध्ये भोजपुरका ४ गरी प्रदेश १ मा ७८ वटा रहेका छन् । यसका अतिरिक्त भारत सरकारले भोजपुर जिल्लामा हालसम्म ३ वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ ।

कार्यक्रममा बोल्दै खम्पाले यो परियोजना भारत र नेपालबीचको बहुपक्षीय एवम् बलियो विकास साझेदारीको प्रमाण भएको बताइन् । मन्त्री कार्कीले भारत सरकारको निरन्तर सहयोगका लागि आभार प्रकट गरे । नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय सहकार्य रहेको छ। यस परियोजनाको कार्यान्वयनले नेपालको सामाजिक आर्थिक विकास र विशेष गरी स्वास्थ्य पूर्वाधारको विकासका लागि नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले पुऱ्याउदै आएको निरन्तर सहयोगलाई प्रतिबद्ध छ ।

## आर्थिक समाचार

# 'नेपाल लाइफ अनमोल जीवन' जीवन बीमा योजना सार्वजनिक

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले "नेपाल लाइफ अनमोल जीवन" जीवन बीमा योजना मंगलबार सार्वजनिक गरेको छ । कम्पनीले समय सापेक्ष ग्राहकहरुको चाहना तथा अभिकर्ताहरुको सुझावलाई मध्यनजर गर्दै नयाँ नयाँ जीवन बीमा योजनाहरु ल्याउने क्रममा "नेपाल लाइफ अनमोल जीवन" जीवन बीमा योजना यहाँहरु माझ प्रस्तुत गरेको हो । यो जीवन बीमा योजना मुनाफामा सरिक हुने सावधिक तथा आजिवन जीवन बीमा हो । भनिन्छ मानव जीवन अनमोल छ तर आजको समयमा प्रत्येक व्यक्तिको अनमोल जीवनका हर पलहरु जोखिम नै जोखिमले भरिएको कुरालाई नकार्न सकिदैंन । यस्तो जोखिम मानिसको जीवनमा बाचुन्जेल चलिनै रहन्छ । तसर्थ मानिसको अनमोल जीवनमा विभिन्न जोखिमबाट आइपर्ने क्षतिलाई बीमाको माध्यमबाट न्यूनिकरण गर्न कम्पनिले **सावधिक र आजिवनको विशेषता भएको "नेपाल लाइफ अनमोल जीवन" जीवन बीमा योजना बजारमा** ल्याएको हो । बीमा अवधि समाप्ती पश्चात पनि जोखिम वहन गर्नुको साथै कम्पनीले बहन गर्ने जोखिम अन्तर्गत बीमितले चाहेको समयमा उक्त जोखिम वहन बापतको समर्पण मूल्य भुक्तानी लिन सक्नु यो जीवन बीमा योजनाको अर्को विशेषता हो ।

# ग्लोबल आइएमई बैंक र ग्यास बिक्रेता महासंघबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र ग्यास बिक्रेता महासंघ, नेपालबीच ग्यास बिक्रेता तथा उपभोक्ताहरुलाई ग्यास खरिद तथा विक्री गर्दा क्यूआर मार्फत गरिने मोबाइल पेमेन्ट प्रवर्द्धनका लागि सहकार्य गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ । यस सम्बन्धी सम्झौता पत्रमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र ग्यास विक्रेता महासंघ, नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालले हस्ताक्षर गरेका छन् । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना भुक्तानी साझेदारहरु "स्मार्ट च्वाइस टेक्नोलोजिज" र "फोन पे"सँग सहकार्य गरी डिजिटल पेमेन्ट प्रवर्द्धनका लागि ग्यास विक्रेता महासंघ, नेपाल सँग समन्वय गरेको हो । सुरक्षित र भरपर्दो माध्यमको रुपमा विकास हुँदै गरेको डिजिटल पेमेन्ट प्रणालीको प्रवर्द्धनका लागि ग्लोबल आइएमई बैंकले विभिन्न संघ-संस्थासँग सम्झौता गर्दै आएको छ । महासंघका अध्यक्ष अर्यालले बैंकसँगको सहकार्यले महासंघमा आवद्ध मुलुकभरका २० हजारभन्दा बढी ग्यास विक्रेताहरु सिधै लाभान्वित हुनेमा विश्वस्त रहेको बताएका छन् । ग्लोबल आइएमई बैंक लिमिटेडले मुलुकभर २८७ शाखा, २५२ एटीएम, २७४ शाखारहित बैंकिङ्ग सेवा, ५० एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा मुलुक बाहिर ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८६० सेवा केन्द्रबाट २८ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

# २७ मार्चबाट भारतको अन्तर्राष्ट्रिय उडानलाई नियमित हुादै

नयाँदिल्ली । भारतले दुई वर्षपछि नियमित अन्तर्राष्ट्रिय उडानलाई पुनः संचालनमा ल्याउने भएको छ । कोरोना भाइरसको जोखिमका कारण कडाई गरेको उडानमा परिवर्तन गर्दै २७ मार्चबाट नियमित उडान पुनः सञ्चालनमा ल्याउन लागेको भारत सरकारले जनाएको हो । विश्वभर भ्याक्सिन लगाउने क्रममा बढेको, सम्बन्धित निकायसँग सल्लाह बमोजिम भारत सरकारले व्यवसायिक अन्तर्राष्ट्रिय उडानलाई पुनः सञ्चालनमा ल्याउन लागिएको जनाइएको छ ।

भारतको उड्ययन मन्त्रालयले अन्तर्राष्ट्रिय उडानमा स्वास्थ्य निर्देशिका पालना गरी सञ्चालन गरिने उल्लेख गरेको छ ।

भारतले निश्चित मापदण्ड तोकेर नेपालसहित अफगानिस्तान, अष्ट्रेलिया, बहराइन, बङ्गलादेश, भुटान, क्यानडा, इथियोपिया, फिनल्यान्ड, फ्रान्स, जर्मनी, इराक, जापान, काजिकिस्तान, केन्या, कुवेत, मालदिभ्स, मौरिसस, नेदरल्यान्ड, नाइजेरिया, ओमान, कतार, रुस, रुवान्डा, साउदी अरेबिया, सिसेलिस, सिंगापुर, श्रीलंका, स्वीटजरल्यान्ड, तान्जानिया, युक्रेन, युएई, बेलायत, अमेरिका र उज्वेकस्तानमा सन् २०२१ यता उडान सञ्चालन गर्दै आएको छ । अब भने नियमित उडानहरु स्वास्थ्य मापदण्ड अपनाएर सञ्चालनमा ल्याइने जनाइएको छ । कोरोना भाइरसको ओमिक्रन प्रजाति आएपछि भारतले यसअघि नै पुनः उडान नियमित गर्ने भनेपनि रोकेको थियो । सन् २०२० को मार्चयता भारतले उडान नियमित गरेको थिएन ।

## हेडक्वार्टर...

पूर्व राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)का नेताहरू सङ्गठित भएका छन्, जसको नेतृत्वको जिम्मा जसपामा पूर्व राजपाका तर्फबाट महिन्द्रराय यादवलाई दिइएको छ ।

जसपामा अहिले पूर्व राजपाका तर्फबाट महेन्द्रराय यादव, राजकिशोर यादव, मृगेन्द्रकुमार सिंह यादव, मनीष सुमनलगायत नेताहरू छन् । यी नेताहरूमध्ये कोही संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईको पक्षमा त कोही पार्टी अध्यक्ष उपेन्द्र यादवको पक्षमा ।

यहीबीचमा पार्टीभित्र उपेन्द्र यादव, डा. बाबुराम भट्टराई र अशोक राईबीच भागबण्डाको राजनीति हुँदा पूर्व राजपालाई भने उपेक्षा गरिएको निष्कर्षका साथ उनीहरू पनि सङ्गठित भएका एक नेता बताउँछन् ।

पूर्व राजपाका एक नेताका अनुसार त्यही कारणले एकजुट हुनुपरेको हो । ५०४ सदस्यीय केन्द्रीय समितिमा पूर्वराजपाका मात्र १३० जना रहेको दाबी गरिएको छ ।

## नेतैनेता...

प्रदेशसभामा दुई तिहाइको समर्थन जुटाउनुपर्ने भएकाले वर्तमान सरकारलाई प्रदेशको नामाकरण गर्न सहज देखिदैंन । गत कात्तिक १६ गते नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी लगायतको गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी) का नेता राई मुख्यमन्त्री बनेका थिए । उनी नेतृत्वको सरकार पनि प्रदेशको नामकरण टुङ्ग्याउनेतर्फ अग्रसर देखिएको छैन ।

प्रदेश १ एमाले संसदीय दलका प्रमुख सचेतक बुद्धिकुमार राजभण्डारी आफ्नो पार्टीभित्र नामाकरणको विषयमा छलफल भइरहेको बताउँछन् । 'हाम्रो पार्टीभित्र छलफल भइरहेको छ । सरकार र अन्य दल के गरिरहेका छन् रु त्यो हामिलाई थाहा भएन,' उनले भने ।

आफ्नो पार्टीको नेतृत्वमा सरकार हुँदा विविध कारण नामाकरण गर्न नसकिएको उनको भनाइ छ । 'सुरूमा सर्वपक्षिय सहमति जुटाएर नामाकरण गर्ने भन्ने थियो । त्यसमा सहमति जुट्न सकेन,' राजभण्डारीले भने, 'पछि कोरोना महामारीका कारण प्रदेशसभा बैठक लामो समय बस्न सकेन । राम्रोसँग छलफल नै हुन पाएन ।' सरकारले छलफलका लागि प्रदेशसभामा प्रस्ताव लगे नेकपा एमाले तयार रहेको उनको भनाइ छ ।

उनले कोशी, सगरमाथा, कोचिला, किरात, लिम्बुवान लगायत नामको प्रस्ताव आएको बताए । एकल, बहुपहिचान वा भूगोलको पहिचानको विषयले नामाकरण अड्केको उनको भनाइ छ ।

एकीकृत समाजवादी संसदीय दलका प्रमुख सचेतक राज राईले नामकरणका विषयमा छलफल चलिरहेको बताए । चाडै नै प्रदेशको नामाकरण गर्ने गरी विभिन्न चरणमा छलफल चलिरहेको उनको भनाई छ ।

भूगोल र पहिचानका आधारमा, कसैले भूगोलका आधारमा र केहीले पहिचानका आधारमा नामकरण गर्नुपर्छ भन्ने मत आइरहेको उनको भनाइ छ । सत्तापक्षले मात्र प्रस्ताव गरेर पारित गर्न नसकिने भन्दै उनले त्यसका लागि एउटा प्रस्ताव लगेर सबै दलसँग छलफल हुने बताए ।

प्रदेश १ मा २४ माघ २०७४ मा प्रथम प्रदेशसभा बैठक बसेको थियो । २०७८ माघ २४ मा चार वर्ष पुरा भएर पाँचौं वर्षमा प्रवेश गरेको छ । तर, नामाकरण हुन सकेको छैन ।

हाल प्रदेशसभामा ९३ सदस्य हुनुपर्नेमा नेकपा ९माओवादी केन्द्र० बाट निर्वाचित सांसद टंक आङबुहाङ लिम्बु पार्टीबाट बर्खास्त भएपछि पद रिक्त हुँदा ९२ सदस्य छन् । जसमा नेकपा एमालेका ४१ सांसद् छन् । नेपाली कांग्रेस २१, नेकपा ९माओवादी केन्द्र० १५ र नेकपा एकीकृत समाजवादी १०, जसपाका ३, राप्रपा र संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्चका १र१ सांसद छन् ।

नामाकरणमा दुई तिहाइ पुऱ्याउनका लागि सत्ता गठबन्धनले मात्र पुग्दैन् । त्यसका लागि नेकपा एमालेको साथ अनिवार्य चाहिन्छ ।

प्रदेश १ सबैभन्दा बढी राष्ट्रीय राजनीतिमा प्रभाव पार्ने नेता भएको प्रदेश हो । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा एमाले नेता सुवासचन्द्र नेम्वाङ, नेपाली कांग्रेसका महामन्त्रि विश्वप्रकाश शर्मा, नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनाल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष राजेन्द्र लिङदेन लगायतका राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने नेताहरू प्रदेश १ कै हुन् ।

तर, उनीहरूले प्रदेशको नामाकरण गर्ने विषयमा भने मौनता देखाइरहेका छन् । चार वर्षसम्म चुप लागेका एमाले अध्यक्ष ओलीले बल्ल भने कोशी प्रदेश नामाकरण गर्नेपर्ने भन्दै मुख खोले । अन्य नेताहरूले भने नामाकरणको विषय न सुझाव दिएका छन्, न त पहल नै गरेको देखिन्छ ।

## कांग्रेस...

अन्तर रहेको छ र? भारत-अमेरिकाको दृष्टिकोण, बैदेशिक सहयोग तथा अनुदान प्राप्ति तथा प्रबन्धनमा समान सोच, संसदीय प्रणालीको सम्पादन विधीमा एकरूपता, संघीयता र गणतन्त्र, बिकाश-अर्थनीति, राज्यका शक्ति परिचालनका निकायहरूमा सहकार्य एवं भागवण्डा, जन प्रतिनिधित्व प्रणालीलाई हाक्ने तरिका जस्ता सवालहरूमा यिनीहरूका बीच लगभग एकैखाले सोच बिचार रहेको छ। यसो हुदां बिथ्थाको गठबन्धन किन नि? एकिकरण मै जानु श्रेयस्कर होईन र? कमसे कम थोरै भएपनि राजनीतिको धमिलो रंग संग्लो हुन्छ कि? गठबन्धनको सत्ता चिरन्तर तथा सत्ताको सुस्वादु भागिदारी "जत्र कुण्ड तत्र पानी" को हिसाबबाट हुन्छ नै। यसर्थ, प्रम जीको नेपाली काँग्रेस गठबन्धनका मित्रहरूसंग पार्टी एकिकरण कै बाटोमा जादाँ उचित हुन्छ कि?

# फागु पर्व सभ्य रुपमा मनाऔं

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं,
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रंगो प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौ,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



# मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति ९:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं